# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ०२ | काठमाडौं | शुक्रबार, १२ वैशाख २०८२ | Prabhab National Daily | Friday, April 25, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


## संसद्को बजेट अधिवेशन आजदेखि



■ जेबी योञ्जन

**काठमाडौं–** संघीय संसद्को बर्खे (बजेट) अधिवेशन आजदेखि सुरु हुँदै छ । अधिवेशनअन्तर्गत दिउँसो १ बजे प्रतिनिधिसभा र राष्ट्रियसभा बैठक बस्दै छ ।

बर्खे अधिवेशनमा प्राथमिकता पाउने भनेको बजेटसहितको नीति तथा कार्यक्रमले हो । तर, सत्तारूढ दलहरूले विधेयकहरूलाई पनि अघि बढाउने भएका छन् ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार विधेयकलाई अघि बढाउनेगरी नै संसद् बैठकको क्यालेन्डर बन्ने छ । 'थुप्रै विधेयक अगाडि बढाउनुपर्ने छ । त्यहीअनुसार संसद्को क्यालेन्डर बन्छ,' उनले प्रभावसँग भने, 'संसद् सचिवालयले त्यसको मस्यौदा तयार गरेको छ ।'

तय भएको क्यालेन्डरको मस्यौदाअनुसार आज संसद्मा दलीय आधारमा सम्बोधन गर्ने कार्यतालिका छ । सम्बोधनपछि अर्थमन्त्री विष्णु पौडेलले वैकल्पिक विकास वित्त परिचालन विधेयक संसद्मा प्रस्तुत

- बैठकलाई प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने
- वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रस्तुत हुने
- विधेयकहरु अघि बढाउने गरी संसद् बैठकको क्यालेन्डर
- विपक्षी दलहरूले शिक्षकका माग, कुलमान घिसिङको बर्खास्तीसँगै जनजीविकाको मुद्दा उठाउने

गर्नेछन् । बर्खे अधिवेशनको पहिलो बैठकलाई प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन गर्ने भएका छन् ।

'सुरुमा प्रधानमन्त्रीज्यूले सम्बोधन गर्नुहुने भएको छ । सोहीअनुसार समभ्रदारी भएको छ,' सत्तापक्षका प्रमुख सचेतक महेश बस्तौलाले बताए ।

प्रतिनिधिसभाको अर्को बैठक यही वैशाशको १४, १५ र १६ गते बस्ने छ । बैठकमा विधेयकहरू अघि बढाइने भएको छ ।

१९ गते भने राष्ट्रपति रामचन्द्र पौडेलबाट सरकारको नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गर्ने कार्यतालिका छ । बजेटपूर्वको छलफल भने २८ वैशाखदेखि मात्रै गर्ने सरकारको तयारी छ ।

बजेट प्रस्तुत हुने १५ दिन अगावै बजेटपूर्वको छलफल गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । जेठ १५ गते आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट अर्थमन्त्रीले बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक प्रावधान छ ।

बजेट अधिवेशनपूर्व सभामुख देवराज घिमिरेले प्रमुख राजनीतिक दलका प्रमुख सचेतकसँग छलफल गरेका छन् । उनले विधेयकको चाप रहेको भन्दै शनिबार र सार्वजनिक बिदाबाहेका दिनमा संसद् सञ्चालन गर्ने प्रस्ताव राखेका थिए ।

क्रमशः पृष्ठ २ मा

## काम छाडेर भाषणमा रमाउँदै ओली सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको सरकारले ९ महिना पुरा गरेको छ । गत असार ३० सुशासनका लागि भन्दै दुई दल मिलेर एमाले अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री बने । ओली प्रधानमन्त्री बनेयता कामभन्दा भाषणमै रमाउन थालेका छन् ।

लोकतन्त्र दिवसको अवसरमा बिहीबार भृकुटीमण्डप ठप्प पारेर एमालेले शक्ति प्रदर्शन गर्‍यो । युथ सेलिब्रेसन नाम दिइएको उक्त शक्ति प्रदर्शनमा ओलीले सरकार ढल्ने कुनै चिन्ता नभएको तर्क दिए । 'यो संयुक्त सरकार संकल्पसहित बनेको हो । यो स्थिरता र स्थायित्वका लागि बनेको हो । सरकारको बारेमा धेरै चिन्ता गर्ने होइन, चुनावको बारेमा चिन्ता गर्नुपर्छ । त्यसैले एमालेले सरकार बनाउँ, सरकार बचाउँ भनेर कराएको छैन,' ओलीले भने, 'एमालेले जहिले पनि चुनाव हेरेको हुन्छ, हामीले ७० को चुनाव भन्यौं, ०७४ को चुनाव भन्यौं, ७९ को चुनाव भन्यौं अब ०८४ को चुनाव भनिरहेका छौं । त्यसैले ढुक्कले मिसन ०८४ मा लाग्नुस् ।'



काठमाडौंको भृकुटीमण्डपको सडक ठप्प पारेर 'युथ सेलिब्रेसन' कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली सेल्फीमा रमाउँदै । *तस्विरः प्रधानमन्त्रीको सचिवालय*

दैनिकजसो भाषणमा रमाउन थालेकै कारण ओलीसँगै एमालेले जनविश्वास गुमाउँदै छ । तर ओली भने भाषणमै रमाउन थालेका छन् । आवासीय चिकित्सकदेखि शिक्षकहरू आन्दोलनमा छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी राजसंस्थाको पक्षमा निरन्तर आन्दोलनमा छ । पछिल्लो ९ महिनामा सरकारले उल्लेखनीय केही काम गर्न सकेको छैन ।

यस्तो अवस्थामा सहयात्री र सबैभन्दा ठुलो दल नेपाली कांग्रेस टुलुटुलु हेरेर बसेको छ । कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री पदको पखाईमा छन् । ओलीले उनलाई अबको १५ महिनामा प्रधानमन्त्री बनाउने वचन दिँदै आएका छन् । कांग्रेसका

- सहयात्री र सबैभन्दा ठुलो दल नेपाली कांग्रेस भने टुलुटुलु हेरेर बस्दै
- कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने दिनको पखाईमा बस्दा ओलीको हुकुमी शैलीका कारण अरू नेतामा भने छटपटी शुरू
- सरकारमै बसेर एमालेको शक्ति प्रदर्शन

महामन्त्रीहरू भने सरकारमा बाध्यताले बसेको बताइरहेका छन् ।

लोकतन्त्र दिवसमा आयोजित एक कार्यक्रममा कांग्रेस महामन्त्री गगन थापाले भने, 'हामीले समस्याको कुरा मात्रै गरेर हुँदैन समाधान पनि दिनुपर्छ । आज हामी बाध्यतामा छौं, एक्लै छैनौं सरकारमा छौं । कतिपय हामीले कम्प्रमाइज गरेका छौं ।' पछिल्लो दिनमा गभर्नर नियुक्ती प्रकरणका कारण कांग्रेस र एमालेमा खटपट बढेको छ । कांग्रेसले जसरी पनि यो पदमा आफू निकटका व्यक्तिलाई नियुक्त गर्ने भन्दै अड्डी कसेको छ । एमालेले पनि कसैगरी यो पद आफ्नो पोल्टाबाट बाहिर जान नदिने अडान कसेको छ । यही विषयमा राजनीति पिल्सिएकोले थापाले यस्तै भए सरकारबाट बाहिर जान सक्ने चेतावनीसमेत दिए । 'आधारभूत कुरामा हामी कम्प्रमाइज गर्दैनौं । हामीले भन्न सक्नुपर्छ, पर्‍यो भने यस्तो सरकारबाट बाहिर जान्छौं हामी । सरकारै सबैभन्दा ठूलो कुरा होइन,' थापाले भने ।

सरकारले चैत २४ गतेबाट रिक्त रहेको गभर्नर पदमा नियुक्ती प्रक्रिया अघि बढाउन सकेको छैन । कांग्रेसले अडान नछाडेसँगै कूर्सी धरमरमा परेपछि प्रधानमन्त्री ओली गभर्नर पद कांग्रेसलाई जिम्म लगाउन तयार भएको थियो । कांग्रेसले गुणाकर भट्टलाई गभर्नर बनाउने तयारी गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## बढे व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने

■ प्रभाव संवाददाता

**काठमाडौं–** व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेहरूको संख्या दिनप्रतिदिन बढ्न थालेको छ । गत वर्षमात्र एक लाख २५ हजार २१२ जना व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजागरीमा पुगेका छन् ।

खाडी मुलुकदेखि युरोपेली देशहरू उनीहरूको प्रमुख रोजगार गन्तव्य बन्ने गरेको तथ्याङ्कले देखाउँछ । गत १२ महिनामा ९८ हजार ६८१ जना पुरुष र २६ हजार ५३१ जना महिला यसरी विदेश गएका छन् । सबैभन्दा बढी मंसिरमा १३ हजार ५९ जना र सबैभन्दा कम वैशाखमा ८ हजार ३१५ जना थिए ।

गत वर्ष यसरी सबैभन्दा बढी युवाहरू संयुक्त अरब इमिरेट्स (युएई) पुगेको देखिएको छ । यूएईमा २२ हजार ५ सय ३४ जना पुगेको तथ्याङ्कमा उल्लेख छ । यूरोपियन मुलुकको तुलनामा सस्तो लागत, आधुनिक र काम गर्ने वातावरण सहज, श्रमिकले आयकर तिर्न नपर्ने, रोजगारीको अवसरजस्ता कारणले यूएईमा यसरी जानेहरूको रोजाइ बनेको देखिन्छ । पछिल्लो केही वर्ष यता यूएई नेपालको पहिलो रोजगार गन्तव्य बन्दै आएको छ ।

यूएईपछि दोस्रो आकर्षक गन्तव्य रोमानिया देखिएको छ । एक त यूरोपेली मुलुक, त्यसमाथि श्रम बजार विस्तार, यही कारण व्यक्तिगत श्रम स्वीकृति लिएरै रोमानिया जाने बढ्न थालेको पछिल्लो 'ट्रेन्ड'ले देखाउँछ । रोमानियाले उत्पादन,



- युरोपेली मुलुकभन्दा यूएई नेपाली श्रमिकको आकर्षक गन्तव्य
- अफ्रिकी मुलुक मरिसस्देखि दक्षिण एसियाको माल्दिभ्स पनि नेपालीको रोजाई
- सवा लाख श्रमिक व्यक्तिगत श्रम स्वीकृति लिएरै पुगे वैदेशिक रोजगारीमा

कृषि, निर्माणजस्ता क्षेत्रमा श्रमिकको माग बढ्दो छ । दक्षिण एसियाली मुलुकबाट जानेका लागि निकै आकर्षत तलब, अन्य यूरोपेली मुलुकको तुलनामा कम खर्च, कानुनी प्रक्रिया पुरा गरे यूरोपियन यूनियनका अन्य मुलुकमा सजिलै प्रवेश पाउनेजस्ता कारणले गर्दा त्यहाँ जानेहरूको संख्या बढ्दो छ । अघिल्लो वर्ष १७ हजार ८५६ नेपाली रोमानिया पुगेका थिए ।

रोमानियापछि जापान, क्रोएसिया, कतार र कुवेत प्रमुख गन्तव्य भएको तथ्याङ्कले देखाउँछ । गत वर्ष यसरी जापान जानेको संख्या १४ हजार ६६२ थियो । आकर्षक तलब सुविधा, सुरक्षित र अनुशासित वातावरण, श्रमलाई सम्मान गर्ने कारणले जापान श्रमिकको रोजाइमा परेको देखिन्छ । गत वर्ष १३ हजार ९८६ जना क्रोएसिया पुग्दा संस्थागत हिसाबले कोही पनि क्रोएसिया गएनन् ।

खाडी मुलुक कतार व्यक्तिगत श्रम

| गन्तव्य | संख्या |
|---|---|
| संयुक्त अरब इमिरेट्स (यूएई) | २२,५३४ |
| रोमानिया | १७,८५६ |
| जापान | १४,६६२ |
| क्रोएसिया | १३,९८६ |
| कतार | ११,४७८ |
| माल्दिभ्स | ७,४६९ |
| कुवेत | ३,९०६ |
| मरिसस् | ३,७०१ |
| माल्टा | २,५०३ |
| सर्बिया | २,४९४ |

स्वीकृति लिएर जाने मुलुकको पाँचौ स्थानमा छ । गत वर्ष यसरी कतार जानेको संख्या ११ हजार ४७८ जना रहेको छ । आयकर तिर्न नपर्ने, कामदारको उच्च माग, सस्तो लागतका कारण पनि कतार रोज्नेहरूको संख्या बढेको हो । यसरी जानेको छैटौं गन्तव्य हो माल्दिभ्स । त्यहाँका होटल, रेस्टुरेन्ट, हाउसकिपिङजस्ता क्षेत्रमा श्रमिकको माग उच्च छ । गत वर्ष ७ हजार ४६९ जना यहाँ गएका छन् । कुवेत व्यक्तिगत श्रम स्वीकृति लिएर जाने मुलुकको सातौं स्थानमा छ ।

कुवेतपछि अफ्रिकी मुलुक मरिसस जानेको संख्या बढी छ । मरिससमा पर्यटन, कृषि, निर्माणजस्ता क्षेत्रमा श्रमिकको माग बढ्दो छ । त्यसपछि माल्टा, युरोपेली मुलुक सर्बिया नेपाली श्रमिकको आकर्षक गन्तव्य बनेको देखिन्छ ।


हार्दिक बधाई तथा
शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह–अवरोह पार गर्दै निरन्तर रुपमा आफ्नो प्रकाशनको ११ वर्ष पूरा गरी १२औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्री हरिबहादुर पाण्डे क्षेत्री
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समाज
Foreign Employment Professionals Association Unity Committee

# तीनकुने घटनाका थप एक आरोपी पक्राउ

**काठमाडौं** (प्रस)- प्रहरीले गत चैत १५ गते काठमाडौंको तीनकुने क्षेत्रमा आगजनी, तोडफोडमा संलग्न रहेको अभियोगमा थप एक जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल-३ का ४० वर्षीय मनोज भन्ने मिनोज थापा रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । उनले भने, 'गत चैत १५ गते काठमाडौं महानगरपालिका-३२ तीनकुने स्थित खुला चौरमा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल'द्वारा आयोजित प्रदर्शनका क्रममा भएको घटनाको अनुसन्धानको सिलसिलामा निजी तथा सार्वजनिक सम्पत्तिमाथि तोडफोड तथा आगजनीलगायत आपराधिक कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ गरिएको हो ।'

निजलाई जिल्ला अदालतबाट तीन दिनको म्याद दिई आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता बोहराले बताए ।

## पृष्ठ १ बाट क्रमशः

### संसद्को ...

उनले विद्यालय शिक्षा विधेयक-२०८० छिटो पारित गर्नुपर्ने पनि बताएका थिए । हाल उक्त विधेयक संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिअन्तर्गतको उपसमितिमा दफावार छलफलको क्रममा छ । त्यही विधेयक पारित गर्नुपर्ने माग गर्दै शिक्षकहरू २२ दिनदेखि काठमाडौंमा आन्दोलित छन्। त्यही भएर सभामुख घिमिरले शिक्षा विधेयकसहितका विधेयकहरू पारित गरेर अघि बढ्नुपर्नेमा जोड दिएका हुन् ।

नेकपा माओवादी केन्द्रसहितका विपक्षी दलहरू पनि विचाराधीन अवस्थामा रहेका विधेयकहरू छिटो पारित गर्नुपर्नेमा सहमत भएका छन् । तर, माओवादीले शिक्षक आन्दोलन, कुलमान घिसिङको बर्खास्तीसँगै जनजीविकाको सवालमा केन्द्रित मुद्दा संसद्मा उठाउने भएको छ । सडकबाट पनि ती सवाललाई उठाउने भएको माओवादी प्रमुख सचेतक हितराज पाण्डेले बताए ।

उनका अनुसार बैठकमा पार्टी अध्यक्ष पुष्पकमल दाहालले विकसित राजनीतिक परिदृश्य, सरकारको कार्यशैली, पार्टीको भूमिका र जनअपेक्षाबारे सांसदहरूसँग विस्तृत छलफल गरेका थिए । त्यस क्रममा दाहालले यथास्थिति र प्रतिगामी प्रवृत्तिविरुद्धको संघर्षमा जनताको पक्षमा विजय भएको समेत बताएका थिए ।

दाहालले शिक्षक, चिकित्सक तथा लघुवित्त पीडितहरूसँग संवाद भइरहेको जनाउँदै सरकार समस्याको समाधानतर्फ नगई उल्टै जटिलता बढाउने दिशामा गएको आरोप लगाए ।

यसबाहेक संघीय निजामती सेवा ऐन र विद्यालय शिक्षा विधेयकजस्ता महत्वपूर्ण विधेयकहरू माओवादी नेतृत्वको सरकारले गहिरो तयारीपछि प्रस्तुत गरेको दाबी गर्दै ती विधेयक संसदबाट पारित गर्न सांसदहरूलाई निर्देशन दिएका थिए ।

अर्को विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संसद्को बजेट अधिवेशनको छलफल सांसद डा. स्वर्णिम वाग्लेको नेतृत्वमा गर्ने भएको छ । प्रमुख सचेतक सन्तोष परियारका अनुसार वाग्लेको नेतृत्वमा छलफल गरेर बजेट अधिवेशनमा बहस गर्ने रास्वपाले निर्णय गरेको छ ।

राप्रपाले संसद्मा राजसंस्था र हिन्दु अधिराज्य पुनःस्थापनासँगै संघीयता खारेजी र भ्रष्टाचार अन्त्यको मुद्दा उठाउने भएको छ । नेकपा एसले पनि शिक्षकको माग पूरा गर्न दबाब दिने भएको छ ।

■ ■ ■

### काम छाडेर ...

तर उनको नाम पनि विवादमा तानिएपछि अहिले यो विषय सेलाएको छ । यस्तो अवस्थामा अब के गर्ने ? नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले गभर्नर नियुक्ति ढिलाइ दुर्भाग्यपूर्ण भएको बताएका छन् । विपी चिन्तान प्रतिष्ठानले बिहीबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा महतले यस्तो बताएका हुन् । पूर्वअर्थमन्त्रीसमेत रहेका महतले अर्थतन्त्रलाई केन्द्रमा राखेर काम गर्ने व्यक्तिलाई गभर्नर बनाउनुपर्नेमा यसलाई अनावश्यक विवाद झिकेर नियुक्तीमा ढिलाई गर्नु तार्किक नभएको बताए ।

यसो त ओली नेतृत्वको सरकारले दैनिकजसो हुकुमी शासनको झल्को दिनेगरी मन्त्री हटाउनेदेखि विवादित निर्णय गर्दै आएका छन् । कार्यकाल बाँकी छँदै कुलमान घिसिङलाई नेपाल विद्युत प्राधिकरणबाट हटाउनु, विद्या भट्टराईलाई असक्षम भन्दै मन्त्रीबाट हटाउनु, कुलमानलाई समर्थन गरेको भन्दै पूर्णबहादु तामाङलाई राज्यमन्त्रीबाट हटाउनुबाट ओलीको हुकुमी शैली प्रष्टिन्छ ।


**नाम परिवर्तन सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८२/१/१२

कम्पनी रजिष्ट्रारको कार्यालयको २०८२/०१/०३ बमोजिम यस ब्लुरेन ईन्टरनेशनल बोडिङ स्कूल काठमाण्डौ प्रा.लि. कलंकी-१४ को साविक नाम परिवर्तन भई नागार्जुना विद्या बाटिका प्रा.लि. नार्गाजुन-१० भएको जानकारी सबैमा गराउँदछु ।



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

दोश्रो पटक सूचना प्रकाशन मिति २०८२।०१।१२

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व. मा ढलापडा रूखहरूबाट संकलन भएको साल प्रजातिको गोलिया काठ ६९.१९ क्यू.फि. र चिरान ८४.७६ क्यू.फि. काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री पिप्लेचुहार सा.व.उ.स., तिनाउ-१, पाल्पा ।



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/१२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट सुपर बागमती हाइड्रोपावर लिमिटेड, ललितपुरले भोगाधिकार प्राप्त क्षेत्रमा नियमानुसार कटान मुछान गरी उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ४३६ को २३७७.४४ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १२.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

डाँफेबगेरी सामुदायिक वन उपभोक्ता समूह
बागमती- ५, मकवानपुर



**कुवेतमा रोजगार** कम्पनी : Ocean View Hotel Co.

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322567 | चलानी नं.६०२३६५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Attendants | 5 | 0 | 120 | ५३,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६७,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**कुवेतमा रोजगार** कम्पनी : Tanzifco Company WLL

पूर्व स्वीकृति मिति : २०८०/०२/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 286159 | चलानी नं. ६०२०१५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 5 | 2 | 85 | ३८,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम ईजाजत नं. 1543/078/079



**युएइमा रोजगार** कम्पनी : TOP CITIZEN PEST CONTROL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/१० | LT. No. 322449 | चलानी नं. ६०२३६५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 60 | 0 | 900 | ३३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301, +977-9818422157/ 9803503571/985-1043059, Email : niopl2017@gmail.com, info@niopl.com, Web: www.nepaloverseasagency.com
Lic No. 632/063/64


**खण्ड १ : विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**आह्वानको सूचना**

**कनकाई नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

जमुनबारी, झापा, कोशी प्रदेश, नेपाल

**अपाङ्गता सहायक सामग्री खरिद सम्बन्धी विद्युतीय शिलबन्दी दरभाउपत्र**

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०१/१२

१. कनकाई नगरपालिकाको कार्यालयमा आ.व.२०८१/८२ मा आवश्यक अपाङ्गता सहायक सामग्री खरिद गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सम्पूर्ण दरभाउपत्रदाताहरूको जानकारीको लागि विद्युतीय दरभाउपत्र (Electronic Bidding) आह्वान गरिन्छ ।

तपसिल

| क्र.सं. | सम्झौता सङ्केत नं. | दरभाउ पत्र विवरण | दरभाउ पत्र पेश गर्ने अन्तिम मिति तथा समय | दरभाउ पत्र फारम शुल्क | दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | दरभाउ पत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/SQ/Goods/2081/82-06 | अपाङ्गता सहायक सामग्री खरिद | २०८२/०१/२८ मध्यान्ह १२:०० बजे | रु.१०००/- | दरभाउ पत्र खोल्ने दिनबाट ४५ दिन | रु.३०,०००/- | ७५ दिन |


**माईग्रेशन/सर्टिफिकेट हरायो**

मिति २०८१ चैत्र ५ गते जमलबाट बानेश्वर जाँदा मेरो निम्न व्यहोराको CTEVT बाट जारी Migration, Transcript, Diploma Proficiency Certificate र Nepal Nursing Council बाट जारी Nursing Proficiency Certificate हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न उल्लिखित नम्बरमा सम्पर्क गरिदिनु हुन सादर अनुरोध छ ।

नामः समुन्द्र खत्री क्षेत्री
ठेगानाः सिदार्थनगर, रुपन्देही
CTEVT रजिष्ट्रेशन नं.: SN-02803-020
सिम्बल नं.: 01006000
NNC रजिष्ट्रेशन नं.: 82068
सम्पर्क नं.: 9813820926



**युएइमा रोजगार** कम्पनी : NAJMAT AL BURAQ FOR FACILITIES MANAGEMENT SERVICES CO.L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 322284 | चलानी नं. ६०२३६५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners / Office Boys | 5 | 0 | 1300 | ४८,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messengers | 5 | 0 | 1300 | ४८,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Kaushik Janashakti International Pvt. Ltd.
Pinglasthan-8, Kathmandu, Nepal, Contact no: +977-1-4592279 ,9851005829,9800941029, 9818544314,9808059185, Email : info@kjinepal.com / kaushikjanashakti2016@gmail.com, hrkaushikjanashakti@gmail.com, Website: www.kjinepal.com
श्रम ईजाजत नं. 330/059/60


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, १२ वैशाख, २०८२

| | |
|---|---|
| मेष | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृष | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| मिथुन | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| कर्कट | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| सिंह | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| कन्या | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| तुला | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृश्चिक | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| धनु | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| मकर | नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।सुखद |
| कुम्भ | समाचारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसुति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ वैशाख, २०८२ (२५, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३५.९१ | १३६.५१ |
| युरो | १ को | १५६.७० | १५७.३९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.९३ | १८२.७३ |
| स्विस फ्रैन्क | १ को | १६८.४५ | १६९.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.२७ | ८७.६६ |
| क्यानाडियन डलर | १ को | ९८.३९ | ९८.८३ |
| सिङ्गापुर डलर | १ को | १०४.२१ | १०४.६७ |
| जापानी येन | १० को | ९.६५ | ९.६९ |
| चिनियाँ युआन | १ को | १८.६४ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३६.२३ | ३६.३९ |
| कतारी रियाल | १ को | ३७.२८ | ३७.४५ |
| थाई भाट | १ को | ४.११ | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०० | ३७.१७ |
| मलेसियन रिङ्गेट | १ को | ३१.१० | ३१.२४ |
| दक्षिण कोरियन वन | १०० को | ९.५७ | ९.६२ |
| स्विडिस क्रोनर | १ को | १४.३० | १४.३६ |
| डेनिस क्रोनर | १ को | २०.९९ | २१.०८ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५९ |
| कुवेती दिनार | १ को | ४४४.०६ | ४४६.०२ |
| बहराइन दिनार | १ को | ३६०.५७ | ३६२.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# श्रमको मूल्य नपाउँदा आन्दोलनमा डाक्टरहरू

■ बुनु थारु

**काठमाडौं–** जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा आवासीय डेन्टल चिकित्सक डेन्टल डा ऋतु शर्माले नेपालमै चिकित्सा क्षेत्रमा केही गर्नुपर्छ भनेर विदेश मोह त्यागिन् । तर त्यो निर्णय उचित थिएन कि भन्ने लागेको छ। बिरामीको सेवा लाग्नुपर्ने शर्मा अहिले तीन हप्तादेखि निरन्तर माइतीघर मण्डलामा धर्ना दिन पुग्छिन् ।

शर्मासँगै सोही कलेजमा आवासीय चिकित्सकको रूपमा कार्यरत डा निशा थापा पनि पुग्छिन् । टण्टलापुर घाममा उनीहरूजस्तै निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सकले सरकारी सरह निर्वाह भत्ताको माग गर्दै २३ दिनदेखि आन्दोलनरत छन् ।

चिकित्सक शर्मा भन्छिन्, 'आफूलाई चिकित्सक भनेर के गर्नु ? अहिलेसम्म मासिक रूपमा बुवाआमासित पैसा माग्नु परिरहेको छ । आमबुझाइमा चिकित्सकले धेरै पैसा कमाउँछ भनेर सोचिन्छ। तर पैसा हामीले होइन अस्पताल सञ्चालकले कमाउँछन् । न्यूनतम पारिश्रमिक दिइएको छैन ।' हाल उनी कार्यरत अस्पतालले आवसीय चिकित्सकलाई मासिक १९ हजार रूपैयाँ दिइरहेको छ ।

'सोही तहमा सरकारी अस्पतालमा काम गर्ने चिकित्सकको रु ४८ हजार पाइरहनुभएको छ, हामीले रु १९ हजारले के गर्ने ? कोठा भाडा तिर्न र कलेजको खर्चमै जान्छ । त्यति पनि पुग्दैन । डेन्टल विधामा हामीले आफ्नो अभ्यासकालागि सामान समेत आफै किन्नुपर्छ । जसका लागि महिनाकै २२ देखि २५ हजार जान्छ । हामी कसरी बाँचिरहेका छौं । अबको दुई तीन वर्षमा चिकित्सकहरू नै बस्दैनन् होला', शर्माले प्रश्न गरिन् । डा थापा देशको अवस्थाले गर्दा काम गर्न मनोबल नै घटेको प्रतिक्रिया दिइन् ।

लुम्बिनी मेडिकल कलेज, पाल्पामा कार्यरत आवासीय अर्थोपेडिक चिकित्सक डा कुन्दन सिंहको समस्या पनि त्यस्तै छ । हप्तामा १३६ घण्टा काम र तलब जम्मा रु १९ हजार आठ सय निकै कम भएको उनको भनाइ छ ।

डा सिंह भन्छन्, 'हामीले रहरले सडकमा आएका होइनौं । सरकारीमा त्यही तहका चिकित्सक त्यही ड्युटी तर हामीलाई सेवा सुविधामा भने त्यति कम ? निर्णय कार्यान्वयन हुन्छ भनेर बोलीमा आश्वसान पटक पटक पाएका छौं ।'

कतिपय आवासीय चिकित्सक भने आफूहरूलाई आन्दोलनमा गएकै कारण डर धम्की प्राप्त गरेको सुनाए । 'जति डर धम्की आए पनि हाम्रो खातामा पैसा नआइकन हामी काममा फर्किदैनौं । आन्दोलन जारी रहन्छ', ती चिकित्सकले भने ।

चिकित्सा शिक्षा आयोगको १६ औं बैठकको निर्णयले आवासीय चिकित्सकलाई सरकारी सरह निर्वाह भत्ता दिन निर्देशन दिएको थियो तर निजी मेडिकल कलेजहरूले निर्णय कार्यान्वयन नगरेको भन्दै चिकित्सकहरू आन्दोलित भएका हुन् ।

चिकित्सा शिक्षा स्नातकोत्तर तह(पीजी) अध्ययन गर्ने आवसीय चिकित्सकलाई मासिक रु ४८ हजार निर्वाह भत्ता दिने आयोगले निर्णय गरेको थियो । आयोगको १६औं बैठकले गरेको उक्त निर्णय दुई महिना बितिसक्दा पनि निजी मेडिकल कलेजले त्यो निर्णय मान्न अटेरी गरिरहेका छन् ।




हाल देशभरका करिब दुई हजार ५०० आवासीय चिकित्सकहरू आन्दोलित छन् । उनीहरूले सेतो एप्रोनमा दैनिक माइतीघर मण्डलामा धर्ना दिइरहेका छन् । आजबाट नेपाल चिकित्सक सङ्घले पनि आवासीय चिकित्सकहरूको आन्दोलनमा सहकार्य गर्ने निर्णय गरेको छ ।

उनीहरूले सम्पूर्ण निजी मेडिकल कलेजका एमडी, एमएस, एमडीएस आवासीय चिकित्सकहरूको मासिक पारिश्रमिक (सरकारी आठौं तह सरह) हुनुपर्ने माग गरिरहेका छन् । प्रतिबद्धताअनुसार छुटै नियामक अंकको व्यवस्थासहित कार्य समय, बिदा, पारिश्रमिक, परीक्षाको पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था, विश्वविद्यालय र मेडिकल कलेज प्रशासन आचरण र व्यवहार, अध्यापक जनशक्तिहरूको आचरण र व्यवहारलगायत विषय समेटी स्नातकोत्तर कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्ने मस्यौदा समिति समेत बनाउनुपर्ने उनीहरूको माग छ ।

उनीहरूले आन्दोलनलाई थप सशक्त बनाउँदै जानेसमेत निर्णय गरेका छन् । आन्दोलनरत सम्पूर्ण आवासीय चिकित्सकको पारिश्रमिक उपलब्ध नहुन्जेलसम्म र स्नातकोत्तर कार्यक्रम कार्यविधि नबनुन्जेलसम्म गरिएका कुनै पनि निर्णय र कार्यदल स्वीकार्य नहुने संघर्ष समितिको भनाइ छ ।

'स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समिति' का संयोजक शेषराज घिमिरेले नियमसंगत भएको निर्णय नै कार्यान्वयन गर्न आन्दोलनमा उत्रिनु परेको बताउछन् । घिमिरे भन्छन्, 'आवासीय चिकित्सकले गर्ने श्रमको मूल्य दिनुस् भन्ने नै हाम्रो माग हो । कानुन विपरीतका कुरा मागेको होइन । श्रमको न्यूनतम मूल्य मागेका हौं । राज्यले गम्भीरतापूर्वक लिएर कार्यान्वनयनमा जोड दिनुपर्छ ।'

नेपाल चिकित्सक संघका अध्यक्ष डा अनिलविक्रम कार्कीले आवासीय चिकित्सकहरूको मुद्दामा सुरुदेखि नै काम गरेको बताउछन् । 'राज्यले आफ्नो निर्णय कार्यान्वयन गराउनुपर्छ । पुरस्कृत गर्नेलाई पुरस्कार र दण्ड पाउनेलाई दण्डित गर्नुपर्छ । राज्यले आफ्नो निर्णयको अपनत्व लिनुपर्छ । आवासीय चिकित्सकको मात्र मुद्दा बुझिएको छ तर अस्पतालभित्रका स्वास्थ्यकर्मीका श्रम शोषणका त कुरै निस्केको छैन', उनले भने ।

डा कार्कीका अनुसार सरकारी सरह निर्वाह भत्ता खातामा नराखेसम्म आन्दोलन गरिराख्ने र आकस्मिक र सघन उपचार कक्षबाहेक अन्य उपचार सेवामा सहभागी नहुने निर्णय भइसकेको छ ।

हप्ताको १४० घण्टा बढी काममा घोटिनुपर्ने त्यसमाथि तलब रु १७ देखि रु १९ हजार मात्र हुनु चर्को श्रम शोषणको नमूना रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वउपकुलपति डा मंगल रावलले बताए । डा रावलले श्रमको उचित सम्मान नपाएकै कारण भारी मात्रामा स्वास्थ्यकर्मीहरू विदेश पलायन हुनुपरिरहेको बताउँछन् ।

'आवासीय चिकित्सकलाई ७२ घण्टाभन्दा बढी काममा लगाइनहुँदैन भन्ने निर्देशन दिइनुपर्छ । देशमा सुरक्षित भविष्य नदेखेकै कारण स्वास्थ्यकर्मी पलायन भइरहेका छन् । यस्तो अवस्थामा कुन मनोबलले काम गरिरेहका होलान् चिकित्सकहरू ? चिकित्सा शिक्षा आयोगले गरेको निर्णय अक्षरस: कार्यान्वयन हुनुपर्छ,' उनले भने । उनले नेपालको चिकित्सा शिक्षाको गुणस्तर हुने गरी र नेपालमा कार्यरत चिकित्सक मनोबल उच्च हुने गरी निर्णय सरकारले गर्नुपर्ने माग गरे ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले बिहीबार स्वास्थ्य मन्त्रालयमा नेपाल चिकित्सक संघ र आवासीय चिकित्सकका प्रतिनिधिहरूबीच भएको वार्तामा निजी मेडिकल कलेजले सरकारी सरह निर्वाह भत्ता दिने व्यवस्था कार्यान्वयन नभएसम्म सम्बन्धित कलेजले मन्त्रालयबाट कुनै सहयोग नपाउने बताएका छन् । निर्णय कार्यान्वयन गराउनमा मन्त्रालयको साथ रहेको पौडेलको भनाइ छ ।

# कञ्चनपुरको सभागृह प्रयोग विहीन

**दोधारा चाँदनी–** कञ्चनपुरको भीमदत्त नगरपालिका-४ स्थित निर्माण भएको सभागृह प्रयोगविहीन बनेको छ ।

वसं २०७५ मा निर्माण सम्पन्न भएको उक्त सभागृह हालसम्म प्रयोगमा आउन सकेको छैन । तीन तले सुविधा सम्पन्न सभागृहमा तीन हलका साथै चेन्जिङ रुम, अन्डरग्राउण्ड पार्किङको सुविधा पनि छ । तर निर्माण सम्पन्न भएको सात वर्ष बित्दासमेत उक्त सभाहल सञ्चालनमा आउन सकेको छैन ।

तत्कालीन महेन्द्रनगर नगर विकास समितिले रु आठ करोडको लगानीमा निर्माण गरेको सभागृह अहिले भीमदत्त नगरपालिका मातहत छ । तत्कालीन नगर विकास समिति अहिले भीमदत्त नगर विकास समिति बनेको छ । सभा हल सञ्चालनमा ल्याउने दायित्व भीमदत्त नगरपालिकाको भए पनि नगरपालिकाले सभाहल सञ्चालनमा ल्याउन सकेको छैन । निमार्ण सम्पन्न भएको वर्षौंसम्म सभागृह सञ्चालनमा आउँदा जीर्ण बन्दै गएको छ ।

नगरपालिकाको नेतृत्वले चासो नदिदा करोडौं लगानीमा निमार्ण भएको सभागृह जीर्ण बन्दै गएको यहाँका स्थानीय बताउँछन । 'तत्कालीन नगरविकास समितिले जुन उद्देश्यका साथ सभागृह निमार्ण गरेको त्यही उद्देश्यअनुरूप सभागृह सञ्चालनमा आउनुपर्छ,' यहाँका स्थानीय विष्णुप्रसाद जोशीले भने, 'राज्यको करोड लगानी भएको संरचना प्रयोगविहिन बन्नुहुँदैन ।' कञ्चनपुरमा सभागृह नहुँदा ठुला कार्यक्रम सञ्चालन गर्न समस्या हुने गरेको उनको भनाइ छ ।

'निर्माण सम्पन्न भएको सातवर्ष पुग्न थाल्यो अझैपनि सञ्चालनमा आउन सकेको छैन,' स्थानीय टेक सिंह नायकले भने, 'सभागृहको कतिपय ठाउँमा भवन नै चर्किएको छ ढोका र झ्याल फुटेका छन ।' नायकले सभाहल सञ्चालन गर्ने दायित्व नगरपालिकाको भएकाले पालिकाले सञ्चालनमा ल्याउन पहल गर्नुपर्ने बताए ।

भीमदत्त नगरपालिकाले सभागृह सञ्चालनका लागि कार्यविधि बनाएर सञ्चालनमा ल्याउने तयारी गरिरहेको जनाएको छ । 'सभागृह सञ्चालनका लागि मापदण्ड बनाएर नगर विकास समितिको बैठकबाट पास गर्नुपर्छ,' नगरपालिकाका सूचना अधिकारी हरिसिंह धामीले भने, 'नगर विकास समितिकै बैठक बस्न सकेको छैन ।' नगरपालिकाले यसअघि सभागृह सञ्चालनका लागि समिति बनाएर अध्ययन गरेको थियो । उक्त समितिले सभागृह सञ्चालनका लागि कार्यविधि बनाएर नगरपालिकालाई दिइसकेको छ ।

पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको साँढे पाँच बिघाह जमिन क्षेत्रफलमा सभागृह निर्माण गरिएको छ । अपाङ्गमैत्री सभागृहमा एक हजार जना अटाउने क्षमता छ । २०६५ सालमा श्यामसुन्दर र गौरी पार्वती जेभी निर्माण कम्पनीसँग दुई वर्षभित्र काम सक्ने गरी रु ६ करोड ८१ लाखमा सभागृह निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । सम्झौता हुँदाको इस्टमेट र डिजाइन परिवर्तन भएपछि ठेक्का रकम रु एक करोड ७० लाख बढाएर रु आठ करोड ५१ लाखमा सभागृह निमार्ण सम्पन्न भएको थियो । *रासस*

## साउदीमा रोजगार

कम्पनी : Al-Hanouf Fahid Al-Mutairi and Fahd Muidh Al-Mutairi Transport Company

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322450 | चलानी नं. ६०२३६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lording Labors | 1 | 0 | 1300 | ४७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९

## युएइमा रोजगार

कम्पनी : FIRST CHOICE SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 296041 | चलानी नं. ६०२११७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४४,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 083/053/054
**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

## कतारमा रोजगार

कम्पनी : New State Services

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | LT. No. 322467 | चलानी नं. ६०२३६५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४१,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 1 | 0 | 1100 | ४१,०३५ | | | | | | | |
| 3 | Cleaning/Washing Worker | 8 | 0 | 1000 | ३७,३०५ | | | | | | | |
| 4 | Dry Cleaning Worker | 7 | 0 | 1100 | ४१,०३५ | | | | | | | |
| 5 | helper /labourer / ceramic worker /building worker | 2 | 0 | 1000 | ३७,३०५ | | | | | | | |
| 6 | Messenger/Reporter | 15 | 0 | 1100 | ४१,०३५ | | | | | | | |
| 7 | Waiter | 15 | 0 | 1400 | ५२,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## साउदीमा रोजगार

कम्पनी : CAR UPHOLSTERY CAR SERVICES EST. SAUDI ARABIA

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322520 | चलानी नं.६०२३६५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 2 | 0 | 1000 | ३६,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : YASEER SALEH MOHAMMED AI-RASHOUDI TRADING STORE

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322518 | चलानी नं.६०२३६५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 5 | 0 | 1200 | ४३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAF FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322519 | चलानी नं.६०२३६५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1200 | ४३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**

## Madan Bhandari Highway Project Directorate

**Chakupat, Lalitpur**

## Notice for Price Bid Opening

**Date of Publication: 2082/01/12 (25th April, 2025)**

This is to notify all the Bidders who have submitted Technical and Price Bids for following Contract as per our Notice No. MBHPD/081/82-02 dated BS 2081/11/11 published on "Naya Patrika daily and PPMO's Website: bolpatra.gov.np/egp" that; of all the received Technical and Price Bids, the Technical Bids of following Bidders succeeded Qualification criterions and found to be substantially responsive. So, in accordance with the Rule 31(h5) of Public Procurement Regulation 2064, following successful Bidders are requested for their presence in Price Bid opening at 13:00 Hrs of 2082/01/21 (4th May, 2025) at Project Directorate, Lalitpur.

| Contract No: | Description of Works | Name and Address of Technically Qualified Bidders |
|---|---|---|
| MBHPD/ 337011084/ 081/82-003 | Upgrading/ Improvement of Bheduwa Bazar-Tamghas Section of Madan Bhandari Highway to Blacktopped Standard, Gulmi | 1. Tirupate-Om Nama JV Ghorahi 14 Dang<br>2. Sadashiva Infra Pvt. Ltd. Pepsicola Kathmandu. |

**Project Director**

## लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**भल्का, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### BID ADDENDUM NOTICE

**सूचना प्रकाशित मिति: २०८२/०१/१२**

मिति २०७९/१२/१३ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E-Procurement Portal मार्फत् लम्कीचुहा नगरपालिकाले प्रकाशित ठेक्का नं 13/LCM/G/2081/082 (Procurement of Medicines) सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) को मिति २०८२/०१/१२ गते संशोधन गरिएको व्यहोरा यसै सूचना मार्फत् जानकारी गराइन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि www.bolpatra.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पथरी, मोरङ, कोशी प्रदेश, नेपाल**

### (Invitation for Online Bids) बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१२**

चालु आ.व.२०८१/८२ मा यस नगरपालिकाको नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रमअनुसार निम्न वमोजिमका योजना बोलपत्र ठेक्का प्रकृयाबाट सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ताबाट https://www.bolpatra.gov.np/egp मा उल्लेखित सर्तहरूको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र बोलपत्र फारम अनलाइन मार्फत देहायको मिति र समयभित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्र ठेक्का नं. | कामको विवरण | लागत अनुमान भ्याट र कन्टिन्जेन्सी बाहेक) रु. | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| PSMUN/NCB/ GOODS/ 2081/082-01 | Krishi Yantra tatha Upakaran Kharid Tatha Bitaran | ६४,१४,३३३।८३ | ३,०००।- | १,७०,००० | २०८२/२/११ दिनको १२:०० बजे सम्म मात्र |

१. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलि पल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ । निर्माण सम्बन्धी थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।
२. बोलपत्र स्वीकृत/अस्वीकृत गर्नेअधिकार यस नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

नोट : माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० अनुसार https://www/bolpatra/gov/np/egp बाट डाउनलोड गरी विड गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मन्त्री हेरफेरमा चुकेको सरकार

**सरकारले बुधबार मन्त्रिपरिषद् हेरफेर गरेको छ । २५ सदस्यीय मन्त्रिपरिषद् हुने संविधानमा उल्लेख छ। तर पछिल्लो मन्त्रिपरिषद् हेरफेरमा २४ जनामात्र मन्त्री छन् । जसमा एक जनामात्र महिला मन्त्री छन् भने एक जना महिला राज्यमन्त्री ।**

**परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र वन तथा वातावरण राज्यमन्त्री रूपा विक मौजुदा मन्त्रिपरिषद्का सदस्य हुन् । यसरी हेर्दा यो सरकार महिलाप्रति निकै नै अनुदार देखिएको छ । दुई महिला मन्त्री नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्छन् । यसरी हेर्दा नेकपा एमाले महिला प्रतिनिधिप्रति झनै अनुदार देखिन्छ ।**

**यसअघि शिक्षामन्त्रीमा विद्या भट्टराई हुँदा पनि मन्त्रिपरिषद्मा ३३ प्रतिशत सहभागिता सुनिश्चित थिएन । यद्यपि न त एमाले नेताले यस विषयमा मुख खोले न त कांग्रेसकै नेताले । मञ्च पाउँदा चर्को स्वरमा ३३ प्रतिशतको कुरा उठाउने महिला नेतृ पनि प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा मौन छन् ।**

**हुन पनि ओलीले आफ्नो नेतृत्वमा कसैलाई चुइक्कसम्म बोल्न दिएका छन् । ओलीले पार्टीमा फरक मत राखेको भन्दै महिला नेतृहरूलाई कारबाही गरेर थरथरी पारेका छन् । यतिमात्र हैन अबको नेतृत्व दाबी गरेकी पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीलाईसमेत २५ वर्षसम्म यस्तो विषयमा नसोच्न चेतावनी दिइसकेका छन् ।**

**हुन त सञ्चारिका समूहमै ओलीले आफू निकटको प्रेस चौतारीको नेताहरूलो नाँगो नाच देखाउन पठाएका थिए । एमाले समर्थित पत्रकारका नेतृहरूले यसलाई जायज नै मानेका छन् । ओली शासन भने पनि यो सरकारको प्रमुख हिस्सेदार आफूलाई लोकतन्त्रको पहरेदार भन्ने नेपाली कांग्रेसको आडमा बनेको हो ।**

**यो मामलामा कांग्रेस पनि मौन बसेर खुसी मनाइरहेको छ । सरकार यति असन्तुलित छ कि, समावेशीको नाम कहीकतै समेटिएको छैन । काम नगरेकै कारण सरकारमाथि जनविश्वास गुमाउँदै गएको छ । सामाजिक सञ्जालमा होस् या चियाचौतारोमा, यो सरकारको आलोचक र विरोधी बढ्दो छ । यहीबाट त्रसित ओलीले सडकमा शक्ति प्रदर्शनसमेत गरेका छन् ।**

**जबजब आफू कमजोर महसुस गर्छन् ओली सडकमा शक्ति प्रदर्शनमा ओर्लने गरेको विगतका नजिरहरू छन् । नेकपाकालमा पुष्पकमल दाहाल, माधव नेपालहरू छुट्टिएर गएपछि ओलीले दरबारमार्गमा शक्ति प्रदर्शन गरेका थिए । यसपटक ओलीले भृकुटीमण्डपमा शक्ति प्रदशृन गरे । शिक्षकदेखि चिकित्सकसम्म आन्दोलनमा सडकमा रहेको बेला ओलीले फेरि मन्त्री हेरफेर असमावेशी र असन्तुलित बनाएको छ ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# संविधानलाई संशोधनमार्फत अझ जनमुखी बनाउनुपर्छ



■ एनपी साउद

जनताको कर सरकारी संयन्त्र व्यवस्थित गर्न मात्रै लागिरहेको छ । यो एउटा जटिल प्रश्न छ । संघीयता बलियो बनाउनका लागि संघीय सरकारलाई 'इफेक्टिभ' हुनेगरी काम गर्नुपर्छ । विशेष गरेर प्रदेश सरकारलाई कर्मचारी छनोटको कुरामा, प्रशासनका विषयमा, अधिकार प्रत्यायोजित गर्नुपर्छ । सुशासनको निम्ति सरकार जिम्मेवार हुनुपर्छ । कुनै पनि फाइल सरकारी टेबलमा आइसकेपछि झुलाउन भएन, कि त्यो फाइल 'रिजेक्ट' हुनुपर्‍यो । हरेक चोटी कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्छ ।

निर्वाचन खर्चिलो बन्दै गएको छ । मितव्ययी चुनाव कसरी बनाउने भन्ने पनि चुनौती छ । त्यसैगरी एकपटक उम्मेदवार भएको चुनाव जितेपछि पाँच वर्षसम्म उसले जनताका निम्ति के काम गरेको छ भन्ने कुरा बाहिर आउनुपर्छ । सांसदको मूल्यांकन गर्ने पद्वति हुनुपर्छ । दुई पटकसम्म स्थानीय, प्रदेश र संघीय संसद्को चुनाव सम्पन्न भएको छ । दुई पटकसम्म भएको संविधानसभा निर्वाचनबाट निर्मित संविधान कार्यान्वयनकै चरणमा छ । अहिले पनि संविधानबमोजिम धेरै ऐनहरू बन्न बाँकी छ । संवैधानिक प्रावधानअनुसार संविधानको हरेक वर्ष पुनरावलोकन गर्नुपर्ने हुन्छ ।

यसरी हेर्दा संविधान जारी भएको १० वर्ष पुग्दै छ । संविधानमा लेखिएका व्यवस्थाको कार्यान्वयनका चरणमा हामीले देखे भोगेका कमीकमजोरीलाई विस्तारै संविधान संशोधनमार्फत हटाएर लैजानुपर्छ । संविधानलाई संशोधनमार्फत अझ सशक्त, जनमुखी र अझै प्रजातान्त्रिक बनाएर अगाडि बढाउने चुनौती हाम्रो अगाडि छ ।

सत्तारुढ गठबन्धनको सात बुँदे सहमतिमासमेत संविधान संशोधनको मुद्दा उठेको छ । हरेक १० वर्षभित्र संविधान पुनरावलोकन गर्ने भन्ने विषय संवैधानिक व्यवस्थाभित्र पनि रहिआएको छ । संविधानको सम्बन्धमा धेरै मुद्दाहरू छन् । संघीयतालाई कसरी कार्यान्वयन गर्ने भन्ने पनि प्रमुख विषय छ । प्रदेशहरूलाई अधिकारसम्पन्न कसरी बनाउने भन्ने विषय पनि छ । स्थानीय सरकारलाई कसरी अझ बढी अधिकारसम्पन्न बनाउने भन्ने चुनौती छ ।

संवैधानिक रूपमा रहेको समानुपातिक र समावेशी चरित्रलाई निरन्तरता दिँदै यसको प्रतिनिधित्वलाई अझै बढी लोकतान्त्रिक बनाएर लैजाने र प्रत्यक्ष निर्वाचित प्रणालीमा कसरी अगाडि बढ्ने भन्ने चुनौती पनि छ । स्थानीय, प्रदेश र संघीय सरकार गरी अहिले ७६१ वटा सरकार छन् । सरकारको कारणले जनतामा जुन खालको आर्थिक चाप परिरहेको छ । राजस्व साधारण खर्चतर्फ मात्रै गइरहेको अवस्था छ । संघ र प्रदेश गरेर ८०० भन्दा बढी सांसद छन् । मन्त्री पनि लगभग १०० को हाराहारीमा छन् । स्थानीय तहको प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष, वडाध्यक्ष र सदस्य सबैलाई आर्थिक रूपमा केही न केही पारिश्रमिक दिइएको छ । जसको कारणले देशलाई आर्थिक भार परेको छ । जसको कारणले अर्थव्यवस्था धान्न मुस्किल भएको छ ।

जनताको कर सरकारी संयन्त्र व्यवस्थित गर्नमात्रै लागिरहेको छ । यो एउटा जटिल प्रश्न छ । संघीयता बलियो बनाउनका लागि संघीय सरकारलाई 'इफेक्टिभ' हुनेगरी काम गर्नुपर्छ । विशेष गरेर प्रदेश सरकारलाई कर्मचारी छनोटको कुरामा, प्रशासनका विषयमा, अधिकार प्रत्यायोजित गर्नुपर्छ । सुशासनको निम्ति सरकार जिम्मेवार हुनुपर्छ । कुनै पनि फाइल सरकारी टेबलमा आइसकेपछि झुलाउन भएन, कि त्यो फाइल 'रिजेक्ट' हुनुपर्‍यो । हरेक चोटी कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्छ । छिटो र छरितो सेवाका लागि सरकारले ' अनलाइन सर्भिस'को व्यवस्था गर्नुपर्छ । सरकारी कार्यालयमा सेवाको बारेमा कुनै गुनासो आएको छ भने त्यसको सम्बोधन तत्कालै हुनुपर्छ । सेवाग्राहीको फाइल कि त 'एसेप्ट' गर्नुपर्‍यो, कि 'रिजेक्ट' गर्नुपर्‍यो, झुलाउन भएन ।

रातारात कानुन बनाउने ढाँचामा जाँदा त्रुटि हुनसक्छ । त्यो त्रुटिका कारण निर्दोष मानिसले पनि सजाय पाउन सक्छ । त्यसकारण कानुनका लागि जनस्तरमा छलफल हुनुपर्ने, सरकारको तहमा छलफल हुनुपर्ने, राजनीतिक दलको तहमा छलफल हुनुपर्ने हुन्छ । त्यसपछि मात्र राष्ट्रियसभा र प्रतिनिधिसभामा व्यापक छलफल गरेपछि मात्र दुवै संसद्बाट पास हुन्छ । रातारात कर्मचारीले बनाएको कानुनलाई हतारहतार पास गर्दा कार्यान्वयनमा चुनौती हुन पनि सक्छ । त्यसैले संसद्ले आफ्नै रफ्तारमा आवश्यक कानुन बनाइ नै रहेको छ । यद्यपि कानुन बनाउने गतिलाई संसद्ले तीव्रता दिनुपर्ने छ । सरकारले पर्याप्त विधेयकहरू छलफलका लागि संसद्लाई दिन सकेको छैन । संसद्मा जनताका सवाल पर्याप्त मात्रामा उठ्ने गर्छन् । सांसदहरूले आ-आफ्नै धारबाट, आ-आफ्नो कोणबाट उठाइ नै रहेका हुन्छन् । त्यहीअनुसार सरकार जवाफदेही हुनुपर्ने हो । तर भएजस्तो देखिँदैन । संसद्मा सांसदले उठाएका जनताका सवाललाई गम्भीरतापूर्वक लिएर त्यसको कार्यान्वयन गर्नुपर्छ । सांसदले बोलेका धेरै कुरा संसदीय रेकर्डमा छ । तर कार्यान्वयनमा आउँदैन ।

हाम्रो संविधानमा राजसंस्था भन्ने कुरै छैन । कुनै पनि विचारलाई प्रजातन्त्रले निषेध गर्दैन । तर कुनै पनि विचार संविधानको दायराभित्र रहेर आउनुपर्छ । संवैधानिक प्रक्रिया भएर आउनुपर्छ । कुनै पनि विचारका बारेमा मेरो यही धारणा हो । विश्वव्यापीकरणको युग भएको हुनाले आफ्नो अवसर र क्षमता वृद्धिका लागि जोकोही मानिस संसारभरि जाने कुरा स्वाभाविक छ । तर नेपाल देश रित्तिने गरेर युवा जनशक्ति जसरी बाहिर जाँदै छ, त्यसबाट देशले प्रतिफल लिन सकेको छैन । त्यसका लागि बाहिर जाने मान्छेलाई सीपसम्बन्धी तालिम दिएर मात्र पठाउनुपर्छ । बाहिर जाँदा उनीहरूको जीवन सुखी हुने, उनीहरूको आयस्रोत सुनिश्चित भएको ठाउँमा मात्र पठाउनुपर्छ । नेपाली युवा विदेश पठाउने व्यापारीकरणले कयौं मानिस ठगिएका छन् । त्यसलाई नियन्त्रण गर्न सरकारले निश्चित कानुनी प्रबन्ध गर्नुपर्छ । देशको अर्थ व्यवस्थाभित्र युवाहरूको विश्वास छैन । अहिलेको अवस्थामा विशेष गरेर दलहरू र नेताका बारेमा युवाहरू नकारात्मक बनेको छ । त्यसकारण नेताहरूले मार्गप्रशस्त गरेर नयाँ पिँढीको विश्वास जित्ने किसिमको परिपाटी विकसित हुने गरेर दललाई प्रजातान्त्रिक बनाउनुपर्छ ।

दलभित्र प्रजातान्त्रिककरणको प्रक्रियालाई सुदृढ गर्नुपर्छ । अहिले देशमा जति पनि राजस्व आइरहेको छ, त्यो सबै साधारण खर्चतर्फ गइरहेको छ । तीनै तहका सरकारलाई तलब खुवाउनुपर्ने छ । सांसदलाई तलब खुवाउनुपर्ने छ । हामीले संघीयतामा गएको कुरा गर्छौं । तर काठमाडौंमा कृषियोग्य जमिन छैन । भए जतिका 'फस्टकलास' र विशिष्ट श्रेणीका कृषि मन्त्रालयका कर्मचारी सबै काठमाडौंमा छन् । विकेन्द्रीकरण भनेको हामीसँग भएको जनशक्तिलाई स्थानीय तह र प्रदेशमा पठाउने हो । जिल्लामा पठाउने हो । संघका सर्मचारीलाई वडावडामा पठाउनुपर्छ । जुन काम हुनसकिरहेको छैन । त्यो बढो चिन्ताजनक कुरा छ ।

जनताको अवस्थामा धेरै सुधार आएको छ । अवस्थामा सुधार आउने क्रम पनि जारी छ । अरु देशमा जुन गतिमा आीर्थक विकास भइरहेको छ, त्यो दिशामा अगाडि बढ्न सकेका छैनौं । तर जनताको अवस्थामा क्रमिकरूपमा सुधार भएको छ । हामीले पढ्दा र अहिलेको विद्यालयमा अन्तर आएको छ । त्यही हो परिवर्तन भनेको ।

हामीले पढ्ने बेलामा विद्यालयको भवन थिएन । कम्तीमा अहिले त सबै गाउँगाउँमा विद्यालयका भवन छन् । पहिला र अहिलेको शिक्षाको पद्वतिमा पनि परिवर्तन भएको छ । हाम्रो बेलाको औसत आयु र अहिलेको औसत आयुमा पनि परिवर्तन आएको छ । मातृ शिशु मृत्युदरको सम्बन्धमा पनि परिवर्तन भएको छ । जनचेतना पनि बढेको छ । सडकलागयत पूर्वाधार निर्माण भएका छन् भने देशका अधिकांश भागमा खानेपानी सुविधा उपलब्ध भएको छ । देशमा केही भएको छैन भन्ने भाष्य गलत हो । यद्यपि, भारत, चीन, सिंगापुर र दक्षिण कोरियाले गरेको विकास हेर्दा हामी सन्तुष्ट हुने ठाउँ छैन ।

*(नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य साउदसँग राससले गरेको कुराकानीमा आधारित)*

# राजावादी आन्दोलन : देश र जनताको भविष्यमा धक्का



■ विविशा पौडेल

नेपालमा २०६२/६३ को जनआन्दोलनपछि राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको झण्डै दुई दशक पूरा हुँदै छ । तर, यो अवधिमा देशले स्थिरता, सुशासन र आर्थिक विकासको अपेक्षित गति लिन सकेन । यही सन्दर्भमा, पछिल्ला वर्षहरूमा राजावादी आन्दोलनहरू पुनः सक्रिय भएका छन् । राजसंस्थाको पुनर्बहाली र नेपाललाई हिन्दूराष्ट्र बनाउनुपर्ने माग राख्दै विभिन्न समूहले निरन्तर आन्दोलन गर्दै आएका छन् । तर, यी आन्दोलनहरूले नेपाली समाज र सर्वसाधारणमा सकारात्मकभन्दा बढी नकारात्मक असर पारिरहेका छन् ।

राजावादी आन्दोलनको उदय जब राजतन्त्र अन्त्य भएपछि नेपालले गणतान्त्रिक प्रणालीमा प्रवेश गरे पनि राजनीतिक अस्थिरता, आर्थिक संकट, बेरोजगारी, भ्रष्टाचार र सुशासनको अभावले आमजनता निराश बने । राज्य संयन्त्रले नागरिकको अपेक्षा पूरा गर्न नसक्दा, राजसंस्थाको पुनर्बहालीको माग राख्ने समूहहरू सक्रिय हुन थाले । तसर्थ २०६२/६३ पछि केही समय मौन रहेका राजावादी समूहहरू विशेषगरी २०७२ को संविधान जारी भएपछिको असन्तोषलाई भजाएर पुनः सशक्त हुन थाले । यिनका मुख्य मुद्दाहरू भनेजस्तै नेपाललाई हिन्दूराष्ट्र घोषणा गर्नुपर्ने, संवैधानिक राजतन्त्र पुनःस्थापित गर्नुपर्ने, संघीयता खारेज गर्नुपर्नेलगायत रहेका छन् । त्यसमा पनि मुख्यतः पश्चिमी संस्कार, संस्कृतिले पारेको प्रभाव अन्त्य गर्नुपर्ने राजावादीहरूको लामो समययताको माग रहँदै आएको पाइन्छ ।

यसैको सिलसिलामा पछिल्ला वर्षहरूमा काठमाडौं, पोखरा, चितवन, नेपालगञ्जलगायतका प्रमुख सहरहरूमा हजारौं मानिस सहभागी भएका राजावादी र्‍यालीहरू देखिए । यस्ता प्रदर्शनले सर्वसाधारणलाई प्रभावित बनाइरहेको छ । राजावादी आन्दोलनका समर्थकहरू यसलाई राष्ट्रहितको आन्दोलनको रूपमा चित्रण गर्छन् । तर, यस्ता आन्दोलनले जनजीवनमा नकारात्मक असर पुर्‍याएका छन् ।

राजनीतिक अस्थिरता झन् चुलियो छ । राजावादी आन्दोलनले लोकतान्त्रवादी राजनीतिक दलहरूलाई थप दबाबमा पारेको छ । आन्दोलनका कारण सत्तारूढ दलहरूले अनावश्यकरूपमा आफ्ना प्राथमिकता परिवर्तन गर्नुपरेको छ । त्यसकारण राजावादी समूहको दबाबपछि केही दलहरूले हिन्दूराष्ट्रको बहस गर्न थाले, जसले धार्मिक ध्रुवीकरण निम्त्याउन सक्छ । यदि राजनीतिक दलहरू आफ्नो स्थायी सिद्धान्त छाड्दै जनमत भजाउने खेलमा लाग्नसक्ने देखिन्छ । त्यस्ता गतिविधिले देशलाई स्थिरतातिर लैजान सक्दैनन् । साथै, सामाजिक जनजीवनको विभाजनमा प्रभाव परेको देखिन्छ । राजावादी आन्दोलन गर्न लाग्दा धर्म, जाति, क्षेत्र र राजनीतिक विचारधाराका आधारमा समाजलाई विभाजन गर्ने माध्यम बन्दै गएको ।

संघीयतामा जनताले सेवा सुविधाको पँहुचका कारण घरदैलोमा सरकार भएको आभाष गरेका छन् । तर संघीयताकै विरोध राजावादीहरूले गरेको पाइन्छ । संघीयता खारेजीको मागले पहिचानवादी र मधेस आन्दोलनका समर्थकहरूलाई थप उत्तेजित बनाउने सम्भावना छ ।

लोकतन्त्र समर्थक र राजावादी समूहहरूबीच वैचारिक तिक्तता बढ्दै गएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र विविध संस्कृतिको साझा भूमि हो । यस्तो विविधतायुक्त समाजमा कुनै पनि आन्दोलनले सामाजिक ऐक्यबद्धता भत्काउनेगरी अघि बढेमा त्यसले समाजलाई नै कमजोर बनाउँछ । आर्थिक गतिविधिमा असर परेको छ । नेपालको अर्थतन्त्र पहिले नै संकटग्रस्त छ । राजनीतिक अस्थिरता, वैदेशिक रोजगारीमा आश्रित, महँगी, भ्रष्टाचार र निजी क्षेत्रको सीमित भूमिकाजस्ता कारणले आर्थिक वृद्धिदर कमजोर छ ।

कुनै पनि समूहबाट हुने सडक अवरोध, आमहड्ताल र र्‍यालीलगायतका कारण सर्वसाधारणको दैनिक आर्थिक गतिविधिमा अवरोध हुन जान्छ । शुक्रबारको आन्दोलन जसरी हिंसात्मक बन्यो, बनाइयो यसले जनतामा ठूलो त्रास पैदा गरेको छ । जनता पुनः भयभीत भएका छन् । विगतका आन्दोलनबाट आजित भइसकेका जनताले कुनै आन्दोलन अझ हिंसाजन्य गतिविधि कल्पनासम्म गर्न चाहँदैनन् । विडम्बना राजावादीको आन्दोलन अराजक बन्यो । दुई जनाको ज्यानै गयो । निजी तथा सार्वजनिक भवन, सवारीसाधन जलाइयो, तोडफोड गरियो । यस्तो गतिविधिले देश र जनता दुवैलाई फाइदा गर्दैन ।

यस्ता विभिन्न खाल्का गतिविधिहरूले पर्यटन क्षेत्रमासमेत असर पर्न थाल्यो, किनभने आन्दोलनले देशको छवि अस्थिर देखाउँछ । पर्यटकलाई आकर्षित गर्ने संरचनाहरूमा पनि दखल परेको हुन्छ । विदेशी लगानी आउँदैन, जसले अर्थतन्त्रमा ठूलो धक्का पुर्‍याउँछ ।

नेपालको गणतन्त्र व्यवस्था पूर्णरूपमा परिपक्व भइसकेको छैन । यो प्रणालीलाई सुदृढ पार्न जनतासँग मात्र नभई नेताहरूमा पनि लोकतान्त्रिक चेतना आवश्यक छ । तर, राजावादी आन्दोलनले लोकतान्त्रिक मूल्यमान्यतामाथि प्रश्न उठाउँदै लोकतन्त्रप्रतिको विश्वास कमजोर बनाइरहेको छ । लोकतान्त्रिक प्रणाली असफल बनाउने जुनसुकै आन्दोलनले पनि लोकतान्त्रिक संस्थाहरू कमजोर बनाउँछ । साथै विधिको शासनलाई पनि धमिलो बनाउँछ । अलोकतान्त्रिक अभ्यासलाई सशक्त बनाउँछ । त्यसकारण यदि लोकतन्त्रप्रति जनतामा नै वितृष्णा फैलियो भने, पुनः कुनै निरंकुश प्रणाली आउने खतरा रहन्छ ।

राजावादी आन्दोलनले लक्ष्य प्राप्त गर्न सक्छ त ? नेपालमा गणतन्त्रको जग गहिरो भइसकेको छ, र प्रमुख राजनीतिक दलहरू कुनै पनि हालतमा राजसंस्था पुनःस्थापना गर्न इच्छुक देखिँदैनन् । तथापि, यदि लोकतान्त्रिक सरकारले जनअपेक्षा पूरा गर्न सकेन भने यस्ता आन्दोलनहरूले झनै बल पाउने निश्चित छ । वर्तमान सरकार र लोकतान्त्रिक शक्ति कमजोर भएमा राजावादी आन्दोलन अझै उग्र बन्नसक्छ । राजावादी आन्दोलन नेपाली समाजको पछिल्लो असन्तुष्टिको उपज हो । यो आन्दोलनले सरकारलाई चुनौती दिएको छ, तर तिनले सर्वसाधारणको जीवनमा नकारात्मक असर पारिरहेको छ ।

वर्तमान व्यवस्थामाथि प्रश्न उठिरहेको हुँदा देशको भविष्य अस्थिरतातर्फ उन्मुख भएकोमा आमजनताको चासो र चिन्ता बढेको छ । राजनीतिक दलहरूले सुशासन, आर्थिक विकास र जनअपेक्षाहरू सम्बोधन गरी यस्ता प्रश्नहरूलाई तत्काल सम्बोधन गर्न सक्नुपर्छ । अहिलेको मुख्य आवश्यकता भनेको लोकतन्त्रिक गणतन्त्रलाई संस्थागत गर्न दलहरू जिम्मेवार बन्नु, असन्तुष्ट जनताका मागहरूलाई सम्बोधन गर्नु र मुलुकलाई स्थायित्वको दिशामा अघि बढाउनु हो ।



**लाप्राक नमुना बस्ती** | गोरखाको उत्तरी भेगमा पर्ने लाप्राक क्षेत्रको धार्चे गाउँपालिका–४ स्थित गुप्सीपाखामा अवस्थित लाप्राक नमुना बस्ती । विसं २०७२ वैशाख १२ गते गएको भूकम्पपछि गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल सरकारको सहयोगमा निर्माण गरिएको यो बस्तीमा जम्मा ६ सय ४ घरधुरी रहेको छ । *तस्बिर : रत्न श्रेष्ठ/रासस*

# हुम्लाका ९६ प्रतिशत नागरिक साक्षर

**सिमकोट–** आगामी जेठ ९ गते हुम्ला साक्षर जिल्ला घोषणा हुने भएको छ । यहाँका १५ देखि ६० वर्ष उमेर समूहका ९६ दशमलव शून्य चार प्रतिशत नागरिक साक्षर भएसँगै साक्षर जिल्ला घोषणा गर्न लागिएको हो ।

जिल्लाका सातवटै स्थानीय तह साक्षर पालिका घोषणा भइसकेकाले आगामी जेठ ९ गते साक्षर जिल्ला घाषणा गर्ने निर्णय गरिएको शिक्षा विकास तथा समन्वय इकाई समितिले जनाएको छ । आज बिहान समितिका प्रमुख शिवराज शर्माको अध्यक्षतामा बसेको बैठकले साक्षर घोषणाका लागि आवश्यक मापदण्ड र शर्तहरू पूरा भएकाले साक्षर जिल्ला घोषणा गर्न लागिएको जनाइएको छ ।

जिल्लामा १५ देखि ६० उमेर समूहका ३५ हजार ३५४ जनसंख्यामध्ये ३३ हजार ९५४ अर्थात् ९६ दशमलव शून्य चार प्रतिशत साक्षर भएपछि घोषणाको तयारी गरिएको शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख योगेश आले मगरले बताए ।

उनका अनुसार नाम्खाका ९६ दशमलव १६, सिमकोटका ९५ दशमलव छ, खार्पुनाथका ९५ दशमलव पाँच, सर्केगाडका ९५ दशमलव ७४, चङ्खेलीका ९५ दशमलव २४, अदानचुलीका ९५ दशमलव २८ र ताँजकोट गाउँपालिकाका ९८ दशमलव २८ प्रतिशत नागरिक साक्षर भएका छन् ।

साक्षर नेपाल घोषणा अभियान-२०७६ अनुसार १५ वर्षदेखि ६० वर्ष उमेरका ९५ प्रतिशत साक्षर भएपछि पालिका र जिल्लालाई साक्षर घोषणा गर्न सकिने प्रावधान रहेको जिल्ला समन्वय समितिका प्रमुख शर्माले जानकारी दिए । लामो प्रयास पछि जिल्ला साक्षर घोषणा हुन लागेकामा खुसी व्यक्त गर्दै उनले यसमा सबैको अनिवार्य सहयोगको आवश्यकता औंल्याए । साक्षर जिल्ला घोषणाका लागि यहाँस्थित सामाजिक विकास कार्यालयले आर्थिक सहयोग गर्ने कार्यालयका प्रमुख हर्कबहादुर बस्नेतले जानकारी दिए ।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रबहादुर चन्द, सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारी र प्रमुख प्रशासकीय अधिकृत वर्ष फडेरा, खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावल र प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाही, नेपाल पत्रकार महासङ्घ जिल्ला अध्यक्ष राजन रावतलगायत सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, शिक्षा क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो । *रासस*

# विपन्नलाई घर बनाउँदै भरतपुर महानगर

**चितवन–** भरतपुर महानगरपालिकाले विपन्नहरूका लागि घर बनाउने भएको छ । महानगरपालिकाले यस वर्षदेखि विपन्नका लागि घर बनाउने कार्यक्रम सुरु गरेको हो । सोही कार्यक्रमअन्तर्गत एक सय ३९ जना लाभग्राही छनोट गरिएको छ ।

महानगरपालिकाका प्रमुख रेनु दाहालका अनुसार सुरक्षित घर बनाउन नसकेका नगरबासीको घर महानगरपालिकाले बनाइदिने योजना पलाएको हो । गत मंसिर १३ गतेको कार्यपालिका बैठकबाट निर्णय गरी स्थानीय राजपत्रमा प्रकाशित गरेर कार्यक्रम सुरु गरिएको दाहालले जानकारी दिइन् ।

दाहालका अनुसार चालु आर्थिक वर्षमा रु एक करोड रकम विनियोजन गरिएको छ । एउटा घर बनाउन रु पाँच खर्च हुने अनुमान गरिएको छ । छनोटमा परेका लाभग्राहीको प्राथमिकताका आधारमा क्रमशः घर बनाउँदै लगिने उनले जानकारी दिइन् ।

यस कार्यक्रमअन्तर्गत महानगरभित्र रहेका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकास गर्न विपन्न परिवारका लागि को सुरक्षित आवास निर्माण र हस्तान्तरण गर्नेगरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको महानगर प्रमुख दाहालले बताइन् ।

'भरतपुर महानगर प्रमुख विपन्न आवास कार्याक्रम कार्यविधि' बनाएर कार्यन्वयनमा ल्याएको कार्यक्रमका सदस्यसचि इञ्जिनियर साकार लामाले जानकारी दिए । उनका अनुसार कार्यक्रमअन्तर्गत लाभग्राही छनोट गरिसकिएको छ ।

वडा कार्यालयहरूबाट लाभग्राहीको लगत सङ्कलन गरी स्थलगत अनुगमनको काम सकिएको बताउँदै उनले भने, 'पाँच सय भन्दा बढी लाभग्राहीको आवेदन फारम परेको थियो । स्थलगत अनुगमन पछि एक सय ३९ जना छनोट भएका छन् ।' कार्यविधिअनुसार नौ वटा सूचकभित्र परेकाहरूको आवास निर्माण गरिने छ ।

'उक्त कार्यक्रमअन्तर्गत घरमा दुईवटा कोठा र शौचालय रहने छन् । घर टिनले छाइने छ । सेतो पूर्जा भएका, जग्गा धनी प्रमाणपूर्जा पाउन सक्ने, वडाले विवाद रहित ऐलेनी जग्गा भनी सिफारिस गरेको, वन, ताल, नदी र नहरको जग्गा अतिक्रमण नगरेका लाभग्राहीलाई कार्यक्रममा समावेश गरिएको छ', इञ्जिनियर लामाले भने । 'एक घर, एक परिवार' अन्तर्गत आवास निर्माण गरिने उनले बताए । *रासस*

# पहिरोले मकालु र भोटखोला गाउँपालिकामा सडक अवरुद्ध

**किमााथाङ्का–** उत्तर-दक्षिण कोशी राजमार्गअन्तर्गत सङ्खुवासभाको मकाल र भोटखोला गाउँपालिकामा सडक अवरुद्ध भएको छ । लगातारको वर्षासँगै आएको पहिरोले मकालु गाउँपालिका-३ धर्मद्धारस्थित खाँदबारी-किमाथाङ्का खण्ड अवरुद्ध भएको हो ।

बुधबार रातिको वर्षासँगै आएको पहिरो खाँदबारी-किमाथाङ्का खण्डअन्तर्गत मकालु-३ क्षेत्रको सडक बगाएपछि आवागमन अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अभिषेक श्रेष्ठले जानकारी दिए । उनका अनुसार सडक अवरुद्ध हुँदा मकालु-३ र ४ तथा भोटखोला गाउँपालिका जाने सवारीसधान सञ्चालन हुन सकेका छैनन् ।

माथिल्लो क्षेत्रमा लगातार वर्षा भइरहेकाले पहिरो हटाउन समस्या भएको उत्तर-दक्षिण कोशी सडक आयोजना कार्यालयले जनाएको छ । अहिले सदरमुकाम खाँदबारीबाट मकालु र भोटखोला जाने यातायात मकालु गाउँपालिकाको फ्याक्सिन्दासम्म मात्रै सञ्चालन भइरहेका छन् । *रासस*

# रंगशाला निर्माण २० प्रतिशतमात्र

**चितवन–** यहाँ निर्माणाधिन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको काम २० प्रतिशत सम्पन्न भएको छ । भरतपुर महानगरपालिका-१५ स्थित संघ र प्रदेश सरकारको सहकार्यमा महानगरपालिकाले रंगशाला निर्माण गरिरहेको छ ।

धुर्मस-सुन्तली फाउण्डेसनले काम गर्न नसकेपछि महानगरपालिकाले अपनत्व लिइ काम अघि बढाएको थियो । हिमालयन कालिञ्चोक बिबिआर जेभीले बोलपत्र सकारेर काम गरिरहेको छ । महानगरपालिकाका डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार चार वटा 'प्यारफिट'मध्ये एउटाको ढलाइ सम्पन्न गरिएको छ । अर्को ढलानको तयारीमा छ । दुवै टावरको पहिलो तल्लाको ढलानको तयारी हुँदै छ । अहिले दैनिक १७० जनाभन्दा बढी कामदारले बिहान ०८ बजेदेखि बेलुका ९ बजेसम्म काम गरिरहेको आचार्यले बताए । छड र सिमेन्ट सहज उपलब्धता नहुँदा काममा केही कठिनाइ भए पनि सामग्री जुटाएर काम भइरहेको उनले बताए ।

गत साउनमा बिबिआर जेभीले निर्माण सुरु गरेको हो । विसं २०८३ पुस २२ गतेसम्ममा रंगशाला निर्माण सम्पन्न गर्ने गरी रु ७८ करोड ५० लाख ९१ हजार १८९ मा ठेक्का लगाइएको हो । गत असार २३ मा ठेक्का सम्झौता गरी काम सुरु गरिएको हो । रंगशाला निर्माणका लागि संघीय सरकारले रु २५ करोड र प्रदेश सरकारले रु १० करोड उपलब्ध गराइसकेका छन् ।

प्रदेश सरकारले ७० प्रतिशत र संघीय सरकारले ३० प्रतिशत उपलब्ध गराउने सहमतिअनुसार रंगशालाको काम अघि बढेको हो । अन्तरराष्ट्रियस्तरको मापदण्डअनुसार रंगशाला निर्माण भइरहेको छ । पहिलो चरणको यो काम सम्पन्न भएसँगै अन्तरराष्ट्रियस्तरका खेल यहाँ आयोजना गर्न सकिने छ । त्रिभुवन विश्व विद्यालयको नाममा रहेर कृषि तथा वन विज्ञान विश्व विद्यालयले उपयोग गरिरहेको २० विघा १९ कठ्ठा जमिनमा रंगशाला निर्माण भइरहेको छ । गर्मी भएकाले साँझ र रात्रीकालिन समयमा समेत खेल खेलाउन बत्तिको व्यवस्था गर्न महानगरपालिकाले संघीय सरकारसँग अनुरोध गरेको छ ।

महानगरपालिका प्रमुख रेनु दाहालले सम्झौताअनुसार तालिकामा काम भइरहेको बताइन् । महानगरबाट गर्नुपर्ने आवश्यक सहजीकरण महानगरले गरिरहेको उनले जानकारी दिइन् । सम्झौता अवधिभित्रै काम सम्पन्न हुनेमा विश्वस्त रहेको उनको दाबी छ । *रासस*


## सच्याइएको

मिति २०८२/०१/०८ को प्रभाव दैनिकमा प्रकाशित **जयबुद्ध सामुदायिक वन उपभोक्ता समूह**को काठ/दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचनामा सूचनाको प्रथमपटक प्रकाशित मिति: २०८२/०१/०८ हुनुपर्नेमा अन्यथा हुनु गएकोले सच्याइएको छ ।

**जयबुद्ध सामुदायिक वन उपभोक्ता समूह**
सालबन्दी न.पा. १५, सर्लाही

## बीमालेख हरायो

मिति २०८१/१२/२१ गते बागबजार देखि सुकेधारा सम्म आउँदा मेरो नेपाल लाइफ इन्स्योरेन्स कम्पनी बाट जारी निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

नाम: श्रीमती लिला कुमारी थापा
बीमालेख नं.: २५१४०५५०३३४२
फोन नं.: ९८५१०९६२६६

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. PRO- 2 (F & M)**

नोट: +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ देखि ४ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलब: आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

SR GROUP NEPAL PVT.LTD
श्रम ईजाजत नं. १२५९/०७४/०७५
Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal
Tel. No. +977-1-4595335, 9814821383, Email: sroverseasnepal@gmail.com

## कतारमा रोजगार

कम्पनी : Qatar Cleaning Company W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 309290 | चलानी नं. ६०२२३९२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER (MALE) | 13 | 0 | 1000 | ३७,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## युएइमा रोजगार

कम्पनी : Yaldi Luxury Car Services L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322506 | चलानी नं. ६०२३६५८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 50 | 0 | 2200 | ८२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Modern Building Contracting Co LLC BR Dubai

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322505 | चलानी नं. ६०२३६५८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 7 | 0 | 1400 | ५२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 50 | 0 | 1000 | ३७,३७५ | | | | | | | |
| 3 | CARPENTER ASSISTANT | 2 | 0 | 1300 | ४८,५८५ | | | | | | | |
| 4 | Construction Carpenter | 33 | 0 | 1300 | ४८,५८५ | | | | | | | |
| 5 | Steel Fixer | 38 | 0 | 1500 | ५६,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## युएइमा रोजगार

कम्पनी : ADVANCED AGRICULTURAL SYSTEMS L L C

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 322503 | चलानी नं. ६०२३६५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 7 | 0 | 800 | २९,६९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Garden Workers | 2 | 0 | 800 | २९,६९७ | | | | | | | |

प्रि- अन्तरवार्ता हुने स्थान: माछापोखरी स्थित निखुल मल्टि सर्भिसेस प्रा.लि.मा मिति: २०८२ वैशाख १९ गते (2th May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ११७३/०७३/०७४
E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)
Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

## युएइमा रोजगार

कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/११ | LT. No. 316104 | चलानी नं. ६०२३६१२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 50 | 0 | 800 | २९,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ र २२ गते (2-5 May 2025) सम्म हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 771/065/066
ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : JUST LADY FACTORY FOR PRODUCING READY-MADE CLOTHES

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 296974 | चलानी नं. ६०२११९९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 90 | ४०,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 120 | ५३,३७१ | | | | | | | |
| 3 | Sales lady | 0 | 10 | 140 | ६२,२६६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख १९ गते (2nd May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## भोक्राहा नरसिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चिरौली, सुनसरी
## कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयसम्बन्धी सूचना**

**प्रकाशित मिति २०८२/०१/१२**

यस गाउँपालिकाबाट तपसिलको कार्यका लागि जनसवाल राष्ट्रिय दैनिकमा मिति २०८१/१२/०६ गते प्रकाशित इ-बिड (E-Bid) दरभाउ पत्र सूचना बमोजिम प्राप्त भएका सम्पूर्ण दरभाउ पत्रहरूमध्ये तपसिलको सफल दरभाउ पत्र दाताले पेश गरेको दरभाउ पत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भई आएको हुँदा सार्वजनिक खरिद ऐन२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सम्वन्धित सरोकारवालाहरूलाई जानकारीका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं.योजनाको नाम | दरभाउ पत्र छनोट गरिएको फर्मको नाम र ठेगाना | कवोल अंक रकम (भ्याट र पि.एस.समेत) |
|---|---|---|---|
| १. | BNRM/SUNSARI/GOODS/06/2081/82 Supply of 4" Boring Pipe & Accessories | PRAMEE Enterprises, Dharan-1, Siddhicharan marg | NPR. 4581076.5 (Forty Five Lakhs Eighty One Thousands Seventy Six Rupees and Fifty Paisa only) |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

### 'कोशेढुंगा' तीजमा विश्वभर रिलिज हुने

सुरक्षा पन्तको शीर्ष भूमिका रहेको फिल्म 'कोशेढुंगा'को प्रदर्शन मिति तय भएको छ। निर्माताले विहिबार पोस्टर सार्वजनिक गर्दै यो फिल्म हरितालिका तीजको छेकोमा भदौ १२ गते आउने जनाएका छन्। फिल्मलाई सरोज पौडेलले निर्देशन गरेका हुन्। यसमा सुरक्षासहित आर्यन सिग्देल, नीति शाह, प्रविण खतिवडा, ऋचा शर्मा, सरोज खनाल, विशाल पहाडी, लोकमणी सापकोटा, हिउँवाला गौतम, दिनेश काफ्ले, शेखर चापागाईं, सिरू विष्ट, उद्धव सापकोटा, सविता रेग्मी, सविन कट्टेल, विकास खनालको पनि अभिनय छ।




शुक्रबार, १२ वैशाख २०८२ (Friday, April 25, 2025)

# चलचित्र 'जार'को गीत 'ए ठूली'मा लाहुरेको प्रेमकथा

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'जार' को 'ए ठूली' बोलको गीत सार्वजनिक गरिएको छ। झुमा लिम्बू र पवन गिरीको स्वर रहेको गीतमा शब्द हर्क साउदको छ। झुमा लिम्बू स्वयंको संगीत रहेको गीत लोकलयमा आधारित छ।

गीतले प्रेमको कुरा गर्छ। प्रेमिल गीतले प्रेममा रहेका व्यक्तिले गर्ने रुमानी कल्पना र मिठो प्रतिक्षा उल्लेख छ। सुन्दर परिकल्पना गर्दै प्रेमिको पखाईमा आँखा बिच्छ्याएर बसेकी प्रेमिकाको कथा गीतले भनेको छ।

लाहुरमा रहेको प्रेमीलाई घाम, पानी, खोलाको सामना गर्दा दुःख पाइरहेको होला भन्दै घरमा बसेर चिन्ता गर्ने कोमल हृदयकी प्रेमिकाको कथा गीतमा छ। उता लाहुरमा रहेको प्रेमीले गाउँमा रहेकी प्रेमिकाको सम्झना गर्दै मनमा रहेको मायाले पनि आफू पूर्ण रहेको प्रसंग गीतमा उल्लेख छ।

गीतले चलचित्रले लाहुरेको कथा भन्ने प्रष्ट पारेको छ। 'जार' यही वैशाख २६ गतेबाट प्रदर्शनमा आउँदैछ। गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार सौगात मल्ल, गिताञ्जली थापालगायत कलाकार फिचर्ड छन्। भिडियोले स्थानीय ग्रामीण जनजीवन चित्रण गरेको छ। 'जार' सन् १८ सयको दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनामा आधारित रहेर बनेको चलचित्र हो। 'जार' साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित सिनेमा हो।

इन्द्रबहादुर राईले सन् १८ सयको दशकको विषयलाई आफ्नो कथाको विषय बनाएका थिए। त्यसैले सोही विषयमा 'जार' निर्माण गरिएकाले यो २२५ वर्ष पुरानो विषयको कथा भन्न मिल्ने निर्देशक फूर्वा छिरिङ लामाले बताएका छन्।

फेरि टेल पिक्चर्सले निर्माण गरेको 'जार' सामाजिक विषयमा बने पनि कम्प्लिट प्याकेज भएको निर्देशक लामाको दाबी छ। चलचित्र 'जार'मा सौगात मल्ल, अनुपविक्रम शाही, अभिनेत्री गीताञ्जली थापालगायत कलाकारको मुख्य भूमिका छ।

होप रिल्स, एलए सेभेन सर्टस, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको चलचित्रको छायांकन सिक्किममा गरिएको छ। चलचित्र 'जार'को कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन्।

सरवानन इलावार्सुको छायांकन रहेको चलचित्रमा अखिलेश राईको सम्पादन छ। सिनेमामा झुमा लिम्बू र गंगा थापाको संगीत छ। चलचित्र 'जार' नेपाल र भारतसहित अन्तर्राष्ट्रिय बजारमा एकसाथ प्रदर्शनमा आउने निर्माण टिमले बताएको छ।

यो सिनेमा प्रदर्शनको लागि नेपालभित्र एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरणको जिम्मा लिएको छ भने अन्तर्राष्ट्रिय वितरकको रूपमा सेभेन सिज सिनेमाले गर्नेछ।

# 'हेल्लो काशीराम'को 'झ्यामकी मादल झ्याम' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं –** आगामी जेठ २ गतेदेखि देशभर प्रदर्शनमा आउन लागेको चलचित्र हेल्लो काँशीरामको नयाँ गीत 'झ्यामकी मादल झ्याम' सार्वजनिक गरिएको छ। गीतमा लोकप्रिय गायक प्रताप दास र मेलिना राईको स्वर सुन्न सकिन्छ। नरेन्द्र वियोगीको संगीत संयोजन रहेको यो गीत डान्सिङ जनरामा आधारित छ भने यसका नृत्य निर्देशक चर्चित कोरियोग्राफर कविराज गहतराज हुन्। गीतको भिडियो काठमाडौंस्थित बालमन्दिरमा भव्य सेटमा छायांकन गरिएको हो।

गीतको भिडियोमा प्रियंका कार्की, दिलीप रायमाझी, उमेश राई, सुमन खाँड, सरोज केसी लगायत चर्चित कलाकारहरूको ऊर्जा र नृत्य देख्न सकिन्छ। गीतसँगै चलचित्रको प्रचार प्रसारलाई अझ तीव्र बनाउने उद्देश्यले निर्माण टिमले सार्वजनिक गरेको हो।

रेडलाइन फिल्म्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस चलचित्रको लेखन तथा निर्देशन अनुभवी निर्देशक रिम विश्वकर्माले गरेका हुन् भने चलचित्रमा पी.बी. थापाको लगानी रहेको छ। जानकारी अनुसार चलचित्रको कुल लागत करिब डेढ करोड पुगेको छ। यम आलेको छायांकन रहेको चलचित्रमा मित्र डी. गुरुङले सम्पादन गरेका छन्। हेल्लो काँशीराममा दिलीप रायमाझी, सुरविर पण्डित, रामचन्द्र अधिकारी, शुशिल पोखरेल, उमेश राई (फुलन्देको आमा), भगेरी डन, नवज्योती रसाइली, सुमन खाँण, अजय न्यौपाने, सरोज केसी, उमेश मायालु, विवेश पुरी लगायत कलाकारको अभिनय रहेको छ।

निर्देशक रिम विश्वकर्माका अनुसार अभिनेत्री प्रियंका कार्कीलाई यस चलचित्रमा विशेष भूमिकामा देख्न सकिनेछ।

# अमिर खानले 'महाभारत' बनाउने

**मुम्बई–** अन्ततः बलिउड सुपरस्टार आमिर खानले पौराणिक फिल्म महाभारत बनाउन लागेको जनाएका छन्।

लामो समयदेखि महाकाव्य ऐतिहासिक कथा महाभारतलाई ठूलो पर्दामा ल्याउने प्रयासमा उनी लागेको भए पनि थप अपडेट दिएका थिएनन तर वर्षौंको योजनापछि अभिनेताले यसै वर्षदेखि नै यसमा काम सुरु गर्ने योजना बनाएको जनाएका हुन्।

हलिउड रिपोर्टर इन्डियासँगको पछिल्लो अन्तर्वार्तामा दंगल स्टारले आफ्नो ड्रीम प्रोजेक्टको बारेमा केही अपडेटहरू सार्वजनिक गरेका छन्। जस अनुसार उनले निर्माताको रूपमा भुमिका निभाउने र अभिनय पनि गर्ने भएका छन। आफ्नो ठुलो महत्वाकांक्षा मध्येको एउटा चलचित्र महाभारतलाई यसै बर्षवाट सुटिङमा लैजाने पनि घोषणा गरेका छन्।

उनका अनुसार यो चलचित्र धेरै भागमा बनाइनेछ। तर, निर्देशकको बारेमा सोध्दा उनले नाम भने तत्काल बताउन अस्वीकार गरेका छन। तर, सबै पार्ट एकै पटक फिल्म गर्ने योजना भएकाले धेरै निर्देशकले निर्देशन गर्न सक्ने उनको भनाई रहेको छ।

तर, यसै बर्ष सुटिङ सुरू गरे पनि फिल्मलाई फ्लोरमा लैजान भने केही वर्ष लाग्ने आमिरले बताएका छन्। अमिरका अनुसार महाभारत परियोजना १००० करोडभन्दा बढीको ठूलो बजेटमा बनाइनेछ। अन्य कुनै पनि भारतीय फिल्ममा यति लगानी कहिल्यै नभएको दावी पनि उनले गरेका छन्।

यसैबीच, आमिर आफ्नो बहुप्रतिक्षित फिल्म 'सितारे जमीं पर' को रिलिजको लागि तयारी गरिरहेका छन्, जुन स्पेनिश फिल्म च्याम्पियन्स (२०१८) को हिन्दी रूपान्तरण हो। आर एस प्रसन्नाले निर्देशन गरेको यो चलचित्र यही वर्षको जुन २० मा रिलिज हुनेछ।

रंगशाला

# मधेस प्रिमियर लिगको उपाधि मिथिला वारियर्सलाई




■ प्रभाव संवाददाता

**राजविराज (सप्तरी) –**राजविराजमा बिहीबार सम्पन्न तेस्रो संस्करणको मधेस प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि मिथिला वारिर्यसले जितेको छ। फाइनल खेलमा मिथिला वारियर्सले बलानबिहुललाई ५ विकेटले पराजित गरेको हो।। विजेता मिथिलाले रु ९ लाख एक हजार तथा उपविजेता बलानबिहुले रु ४ लाख एक हजार पुरस्कार प्राप्त गरे।

टस जितेर पहिला ब्याटिङ गर्दै बलानबिहुले १९ दशमलव ३ ओभरमा सबै बिकेट गुमाएर १५३ रन बनायो। एक सय ५४ रनको विजयी लक्ष्य मिथिला वारियर्सले १८ दशमलव ३ ओभरमा ५ विकेट गुमाएर पूरा गऱ्यो।

बलानबिहुका लागि विवेक यादवले सर्वाधिक ४५ रन बनाए। यस्तै लोकेश बमले ४१, सुजन थपलियाले २८ तथा फिर्दोष अन्सारीले १५ रन बनाए। बलिङतर्फ मिथिला वारियर्सका वसन्त खत्रीले तीन, शेर मल्ल र कुशल भुर्तेलले दुई दुई तथा नन्दन यादवले एक विकेट लिए।

यसैगरी मिथिलाका लागि कुशल भुर्तेलले सर्वाधिक ५८ रन बनाए। यसैगरी रवि साहले ४४ र बसिर अहमदले २५ रन बनाए। बलिङतर्फ बलानबिहुका विवेक यादव र अरनिको यादवले दुई दुई विकेट लिए। 'प्लेयर अफ दी म्याच' मिथिलाका कुशल भुर्तेल घोषित भए।

'प्लेयर अफ दी सिरिज' विशाल पटेल (जनकपुर सनराइज), उत्कृष्ट ब्याटर आशिफ शेख (जनकपुर सनराइज) तथा उत्कृष्ट बलर शेर मल्ल (मिथिला वारियर्स) घोषित भएका आयोजक समितिका अध्यक्ष सञ्जिवनारायण यादवले जानकारी दिए। मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य आयुष श्रेष्ठलगायतले विजयी खेलाडीलाई पुरस्कार वितरण गरे।

# सिद्धान्तलाई क्यानले ५ लाख सहयोग गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** क्रिकेट खेलाडी सिद्धान्त लोहनीलाई नेपाल क्रिकेट संघले ५ लाख रूपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने भएको छ।

क्यानका प्रवक्ता छुम्बी लामाले विज्ञप्ति जारी गर्दै लोहनीलाई उपचारका लागि ५ लाख रकम उपलब्ध गराउने निर्णय भएको जानकारी गराएका छन्।

कुनै समय नेपालका लागि खेल्ने सम्भावना बोकेका सिद्धान्त अहिले चोटका कारण पीडामा छन्। सन् २०२३ मा जनकपुरमा भएको महेन्द्रनारायण निधी टी-२० राष्ट्रिय प्रतियोगिता खेल्दै गर्दा उनी फिल्डिङको क्रममा घाइते भएका थिए।

भारतको गुरुगाउँमा घुँडाको शल्यक्रिया गराएका उनको उपचार अझै जारी छ। अहिले उनी थेरापी गरिरहेका छन्।

सिद्धान्तले सन् २०१५ जुलाई १८ मा आईसीसी टी२० विश्वकप छनोट अन्तर्गत जर्सीविरुद्ध खेल्दै नेपालको सिनियर टिममा डेब्यु गरेका थिए।

उक्त खेलमा उनले १६ बल खेल्दै २ चौका र २ छक्काको मदतमा २७ रन बनाएका थिए।

# रंगशाला निर्माण २० प्रतिशत सम्पन्न

■ प्रभाव संवाददाता



**चितवन–** चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको काम २० प्रतिशत सम्पन्न भएको छ। भरतपुर महानगरपालिका-१५ स्थित संघ र प्रदेश सरकारको सहकार्यमा महानगरपालिकाले रंगशाला निर्माण गरिरहेको छ।

धुर्मस-सुन्तली फाउण्डेसनले काम गर्न नसकेपछि महानगरपालिकाले अपनत्व लिइ काम अघि बढाएको थियो। हिमालयन कालिञ्चोक बिबिआर जेभीले बोलपत्र सकारेर काम गरिरहेको छ।

महानगरपालिकाका डिभिजनल इन्जिनियर सन्तोष आचार्यका अनुसार चार वटा 'प्यारापिट'मध्ये एउटाको ढलाइ सम्पन्न गरिएको छ। अर्को ढलानको तयारीमा छ। दुवै टावरको पहिलो तल्लाको ढलानको तयारी हुँदैछ। अहिले दैनिक १७० जनाभन्दा बढी कामदारले बिहान ०८ बजेदेखि बेलुका ९ बजेसम्म काम गरिरहेको आचार्यले बताए। छड र सिमेन्ट सहज उपलब्धता नहुँदा काममा केही कठिनाइ भए पनि सामग्री जुटाएर काम भइरहेको उनले बताए।

गत साउनमा बिबिआर जेभीले निर्माण सुरु गरेको हो। विसं २०८३ पुस २२ गतेसम्ममा रंगशाला निर्माण सम्पन्न गर्ने गरी रु ७८ करोड ५० लाख ९१ हजार १८९ मा ठेक्का लगाइएको हो। गत असार २३ मा ठेक्का सम्झौता गरी काम सुरु गरिएको हो। रंगशाला निर्माणका लागि संघीय सरकारले रु २५ करोड र प्रदेश सरकारले रु १० करोड उपलब्ध गराइसकेका छन्।

प्रदेश सरकारले ७० प्रतिशत र संघीय सरकारले ३० प्रतिशत उपलब्ध गराउने सहमतिअनुसार रंगशालाको काम अघि बढेको हो। अन्तरराष्ट्रियस्तरको मापदण्डअनुसार रंगशाला निर्माण भइरहेको छ। पहिलो चरणको यो काम सम्पन्न भएसँगै अन्तरराष्ट्रियस्तरका खेल यहाँ आयोजना गर्न सकिने छ। त्रिभुवन विश्व विद्यालयको नाममा रहेर कृषि तथा वन विज्ञान विश्व विद्यालयले उपयोग गरिरहेको २० विघा १९ कट्ठा जमिनमा रंगशाला निर्माण भइरहेको छ। गर्मी भएकाले साँझ र रात्रीकालिन समयमा समेत खेल खेलाउन बत्तिको व्यवस्था गर्न महानगरपालिकाले संघीय सरकारसँग अनुरोध गरेको छ।

महानगरपालिका प्रमुख रेनु दाहालले सम्झौताअनुसार तालिकामा काम भइरहेको बताइन्। महानगरबाट गर्नुपर्ने आवश्यक सहजीकरण महानगरले गरिरहेको उनले जानकारी दिइन्। सम्झौता अवधिभित्रै काम सम्पन्न हुनेमा विश्वस्त रहेको उनको भनाइ छ।

# नेपाल र नेदरल्याण्डबीच खेल हुने

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले आगामी जुनमा स्कटल्यान्डमा हुने त्रिकोणात्मक टी-२० आई सिरिजमा पहिलो खेल नेदरल्यान्ड्ससँग खेल्ने भएको छ। आगामी जुनमा ग्लास्गोको क्लाइडसडेल क्रिकेट क्लबमा हुने सिरिजमा घरेलु टोलीसहित नेपाल र नेदरल्यान्ड्स सहभागी हुनेछ।

क्रिकेट स्कटल्यान्डले उक्त सिरिजको तालिका बिहीबार सार्वजनिक गरेको हो। यस सिरिज जुन १५ देखि २० सम्म सञ्चालन हुनेछ। नेपाल र नेदरल्यान्डबीचको पहिलो खेल भने जुन १६ मा हुनेछ।

सिरिजमा एक टोलीले एक अर्कासँग दुईपल्ट खेल्नेछन्। नेपालले जुन १७ मा स्कटल्यान्ड, १८ मा नेदरल्यान्ड्स र २० मा स्कटल्यान्डसँग पुनः खेल्नेछ।




पाकिस्तानको मुर्काजी मुस्लिम लिग पार्टीका समर्थकहरू भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र भारतीय गृहमन्त्री अमित शाहको पोस्टर कुल्चेर विरोध जनाउँदै । *तस्बिर – एपी*

# आक्रमणकारी नछाड्ने भारतीय प्रधानमन्त्रीको प्रतिज्ञा

**नयाँदिल्ली-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार काश्मीरमा २६ जनाको ज्यान जाने गरी भएको भीषण आक्रमणका लागि जिम्मेवार सबैलाई सजाय दिने प्रतिज्ञा गरेका छन् ।

हिमाली क्षेत्र काश्मीरमा मंगलबार भएको आक्रमणपछि पहिलो पटक सम्बोधन गर्दै उनले भने, 'म सारा विश्वलाई भन्छु : भारतले हरेक आतङ्कवादी र तिनका समर्थकहरूलाई पहिचान गर्नेछ, पछ्याउनेछ र दण्डित गर्नेछ । हामी तिनीहरूलाई पृथ्वीको कुनाकुना सम्म खोज्नेछौं ।'

पर्यटकीय स्थल पहलगाममा भएको गोलीकाण्ड सन् २००० यता विवादित मुस्लिम बहुल क्षेत्रमा नागरिकहरूमाथि भएको सबैभन्दा घातक आक्रमण थियो । मारिएका पुरुषहरूमध्ये २६ जना भारतीय र एक जना नेपाली थिए ।

भारतले बुधबार इस्लामाबादलाई 'सीमापारि आतङ्कवाद' लाई समर्थन गरेको आरोप लगाउँदै कूटनीतिक उपायहरूको शृङ्खलासहित आफ्नो छिमेकीसँगको सम्बन्ध घटाएको थियो । पाकिस्तानले पहलगाम आक्रमणमा कुनै पनि भूमिकालाई अस्वीकार गरेको छ ।

बिहार राज्यमा विकास परियोजनाको उद्घाटन कार्यक्रममा बोल्दै मोदीले मारिएकाहरूको सम्झनामा पहिले दुई मिनेट मौन धारण गरे । 'म यो स्पष्ट रूपमा भन्छु : जसले यो आक्रमण गरेको छ र जसले यसको योजना बनाएको छ, तिनीहरूको कल्पनाभन्दा बाहिर तिनीहरूलाई भुक्तान गरिनेछ', मोदीले भने, 'तिनीहरूले निश्चय नै भुक्तान गर्नेछन् । यी आतंकवादीहरूसँग जति थोरै भूमि छ, त्यसलाई धूलोमा मिलाउने समय आएको छ । एक अर्ब ४० करोड भारतीयको इच्छाशक्तिले यी आतङ्कवादीहरूको मेरुदण्ड तोड्नेछ ।'

# डिपसिकले सहमतिबिना चिनियाँ कम्पनीलाई डाटा हस्तान्तरण गरेको दक्षिण कोरियाको आरोप

**सियोल-** चिनियाँ आर्टिफिसियल इन्टेलिजेन्स एप डिपसिकले प्रयोगकर्ताको सहमति बिना नै क्लाउड सर्भिस प्लेटफर्ममा व्यक्तिगत डाटा ट्रान्सफर गरिरहेको दक्षिण कोरियाको डाटा सुरक्षा प्राधिकरणले बिहीबार जनाएको छ । प्राधिकरणका अनुसार यो अझै डाउनलोडका लागि उपलब्ध रहेको थियो ।

व्यक्तिगत सूचना संरक्षण आयोग (पिआइपिसी) का अनुसार एआई प्रम्प्टमा उपकरण, नेटवर्क र प्रयोगकर्ता इनपुटहरू समावेश रहेको जानकारी बेइजिङ प्लेटफर्म भोल्केनो इन्जिनमा सर्भरहरूमा हस्तान्तरण गरिएको थियो ।

डिपसिकको आर१ च्याटबटले पश्चिमी प्रतिस्पर्धीहरूको कार्यहरूसँग मेल खाने क्षमता नगण्य लागतमा देखाएपछि जनवरीमा लगानीकर्ताहरू र उद्योग विशेषज्ञहरूलाई आश्चर्यचकित पारेको थियो ।

यद्यपि दक्षिण कोरिया, इटाली, अस्ट्रेलिया र केही अमेरिकी राज्यहरूले डिपसिकको प्रयोगकर्ता डेटाको भण्डारणमाथि प्रश्न उठाएका छन् र यसको प्रयोगमा प्रतिबन्ध वा सीमित गरेका छन् ।

पिआइपिसीले फेब्रुअरीमा अनुसन्धान सुरु गऱ्यो र डिपसिकको व्यक्तिगत डाटा सङ्कलन अभ्यासहरूको समीक्षा पूरा नभएसम्म यो अब डाउनलोडका लागि उपलब्ध नहुने जनायो ।

'सुरुमा, डिपसिकले प्रयोगकर्ताहरूको सहमति प्राप्त नगरी वा सेवा शुरू हुँदा गोपनीयता नीतिमा यो खुलासा नगरी चीन र संयुक्त राज्य अमेरिकामा अवस्थित कम्पनीहरूमा व्यक्तिगत डाटा स्थानान्तरण गरेको थियो', आयोगका अधिकारी नाम सेओकले पत्रकारहरूलाई भने, 'विशेष गरी, डिपसिकले उपकरण, नेटवर्क र एप जानकारी मात्र नभई, एआई प्रम्प्टहरूमा प्रयोगकर्ता इनपुटहरू पनि भोल्केनो इन्जिनमा स्थानान्तरण गरेको पुष्टि भएको थियो ।'

नामका अनुसार अनुसन्धान पश्चात्, डिपसिकले कोरियाको डाटा संरक्षण कानूनहरूलाई अपर्याप्त रूपमा विचार गरेको स्वीकार गऱ्यो, आयोगसँग सहकार्य गर्न इच्छा व्यक्त गऱ्यो र स्वेच्छाले घरेलु एप बजारहरूबाट नयाँ डाउनलोडहरू निलम्बित गऱ्यो ।

डिपसिकले टिप्पणीको अनुरोधका लागि तत्काल प्रतिक्रिया दिएन । कम्पनीले डाटा 'जनवादी गणतन्त्र चीनमा अवस्थित सुरक्षित सर्भरहरू' मा सङ्कलन गरिएको बताएको छ ।

कम्पनीले लागत घटाउँदै यसको एआई उपकरण यसको प्रतिस्पर्धीहरू भन्दा कम परिष्कृत चिप्स प्रयोग गरेर निर्माण गरिएको दाबी गरेको छ । यो एप सुरु भएको केही हप्तामा दशौं लाख पटक डाउनलोड गरिएको थियो ।

भोल्केनो इन्जिन बेइजिङमा आधारित क्लाउड सेवा प्लेटफर्म हो जुन बाइटडान्सको स्वामित्वमा छ । यो अत्यन्तै लोकप्रिय प्लेटफर्म टिकटकको मूल कम्पनी पनि हो ।

भोल्केनो इन्जिनमा डाटा स्थानान्तरणका बारेमा सोधिएको प्रश्नमा डिपसिकल यो सुरक्षा कमजोरीहरू समाधान गर्न र प्रयोगकर्ता इन्टरफेस र अनुभव सुधार गर्ने उद्देश्यका लागि पठाइएको बताएको थियो । *रासस/एएफपी*

# किभमा रुसी क्षेप्यास्त्र हमलामा ९ जनाको मृत्यु, ६३ घाइते

**किभ-** युक्रेनको राज्य आपत्कालीन सेवाले बिहीबार बिहान किभमा भएको 'विशाल' क्षेप्यास्त्र आक्रमणमा कम्तीमा नौ जनाको मृत्यु भएको र ६० भन्दा बढी घाइते भएको बताएको छ । किभले यो आक्रमणलाई तीन वर्षको युद्धमा राजधानीमा भएको सबैभन्दा घातक आक्रमणमध्ये एक भएको बताएको छ ।

युक्रेनी अधिकारीहरूले मिसाइल आक्रमणको चेतावनी जारी गरेको र एएफपीका पत्रकारहरूले राजधानीभरि विस्फोटको आवाज सुनेको बताएका छन् । 'रुसले किभमा ठूलो संयुक्त आक्रमण सुरु गरेको छ', युक्रेनको राज्य आपत्कालीन सेवाले टेलिग्राममा टोल अपडेट गर्दै भनेको छ, 'प्रारम्भिक तथ्याङ्कअनुसार नौ जनाको मृत्यु भएको छ भने ६३ जना घाइते भएका छन् ।'

अस्पतालमा भर्ना भएका ४२ जना मध्ये छ जना बालबालिका थिए । आक्रमणले राजधानीका पाँच जिल्लामा क्षति पुगेको छ भने प्रशासनिक भवनहरूमा आगलागी समेत भएको छ ।

राज्य आपत्कालीन सेवाका अनुसार आक्रमणले आवासीय भवनहरूलाई क्षति पुऱ्याउँदा भग्नावशेषमुनि परेका मानिसहरूको खोजी जारी छ । यस अघि किभमा अप्रिलको सुरुमा मिसाइल प्रहार हुँदा कम्तीमा तीन जना घाइते भएका थिए ।

सन् २०२२ फेब्रुअरीमा रुसले आफ्नो पूर्ण आक्रमण सुरु गरेदेखि यो छिटपुट आक्रमणको लक्ष्य बनेको छ । युक्रेनको पूर्वमा खार्किभ सहरमा बिहीबार बिहान सातवटा क्षेप्यास्त्र प्रहार भएको सहरका मेयर इगोर टेरेखोभले बताए । पछि उनले यो 'एकै रातमा दोस्रो पटक क्रुज क्षेप्यास्त्र आक्रमणमा परेको' बताए ।

'हालैको एउटा आक्रमणमा सघन जनसंख्या भएको आवासीय क्षेत्रमा प्रहार भएको छ...त्यहाँ दुई जना घाइते भएका थिए । शत्रु आक्रमण स्थलहरूको निरीक्षण भइरहेको छ', टेरेखोभले सहरका बासिन्दाहरूलाई 'सावधान रहन' आग्रह गर्दै भने । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका शीर्ष सहयोगी एन्ड्री यरमाकले रुसले किएभ, खार्किभ र अन्य सहरहरूमा 'अहिले मिसाइल र ड्रोनद्वारा' आक्रमण गरिरहेको बताए । *रासस/एएफपी*

# मार्को रूबियोद्वारा रूसी प्रतिबन्धहरु हटाउने रिपोर्ट अस्वीकार

**वासिङ्टन-** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले युक्रेन सम्झौतासँग सम्बन्धित रुसमाथिको प्रतिबन्ध हटाउनेबारे छलफल भएको भनी अमेरिकी मिडियामा हालै आएको एक रिपोर्टको खण्डन गरेका छन् ।

उक्त रिपोर्टलाई उनले 'स्पष्ट रूपमा झूटो' भनेका छन् ।

पोलिटिको प्रकाशनलाई 'पत्रकारिता दुरूपयोग' को आरोप लगाउँदै रुबियोले एक्समा एक पोस्टमा भनेका छन्, 'यो स्पष्ट रूपमा झूटो हो । न त स्टिभ विटकफ (अमेरिकी मध्यपूर्व विशेष दूत) न मैले युक्रेनसँगको सम्झौताको हिस्साका रूपमा रुसविरुद्धको प्रतिबन्ध हटाउनेबारे कुनै वार्ता गरेका छौं । यो पत्रकारिताको दुरूपयोग हो । यदि पोलिटिकोमा एक औंस अखण्डता छ भने उनीहरूले यो काल्पनिक कथालाई पूर्ण रूपमा फिर्ता लिनुपर्दछ ।'

पोलिटिकोले स्रोतलाई उद्धृत गर्दै एक रिपोर्टमा ह्वाइट हाउसले रुस र युक्रेनबीचको युद्ध अन्त्य गर्ने छलफलको एक हिस्साका रूपमा रुसको नोर्ड स्ट्रिम२ प्राकृतिक ग्यास पाइपलाइन र युरोपमा सम्भावित अन्य रूसी सम्पत्तिहरूमा प्रतिबन्ध हटाउनेबारे छलफल गरिरहेको बताएको छ ।

रुसको प्राकृतिक ग्यास क्षेत्रलाई पश्चिमी युरोपसँग जोड्ने मुख्य पाइपलाइनहरू मध्ये एकमा हाल लगाइएको प्रतिबन्ध हटाउने कुरा राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा पहिलो पटक राखिएको अमेरिकी नीतिमा तीव्र परिवर्तन हुने पोलिटिकोले रिपोर्ट गरेको छ ।

पूर्वराष्ट्रपति जो बाइडेनले आफ्नो कार्यकालको सुरुमा ती प्रतिबन्धहरू हटाउनुभएको थियो तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२२ मा युक्रेनमा आक्रमण सुरु गरेपछि तिनीहरूलाई पुनः लागू गरे ।

पोलिटिकोले उद्धृत गरेको स्रोतका अनुसार ह्वाइट हाउसका विशेष दूत स्टिभ विटकफले रुसविरुद्ध प्रतिबन्धहरू कम गर्नका लागि प्रमुख वकालत गर्दै आएका छन् । मस्कोका लागि डोनाल्ड ट्रम्पका दूतको रूपमा आफ्नो कार्यकालमा भ्लादिमिर पुटिनसँग मित्रता बनाउनुभएका विटकफले आफ्नो टोलीलाई जारी छलफलको एक हिस्साको रूपमा रुसमाथि लगाइएको अमेरिकी ऊर्जा प्रतिबन्धहरूको विस्तृत सूची सङ्कलन गर्न निर्देशन दिए ।

बाल्टिक सागर हुँदै जर्मनीमा ग्यास ढुवानी गर्न निर्माण गरिएको दुई नर्ड स्ट्रिम२ पाइपलाइनहरू मध्ये एउटा सन् २०२२ मा भएको विस्फोटको बावजुद कार्यशील रहेको छ । यसले नजिकैको नर्ड स्ट्रिम१ को दुवै पाइपलाइनहरूसहित यसको एउटा लाइनलाई क्षति पुऱ्याएको छ । सन् २०२२ सेप्टेम्बरको विस्फोटले ग्यास आपूर्ति अवरुद्ध गरेको थियो र यसको अझै अनुसन्धानमा जारी छ । केही रिपोर्टले युक्रेनी नागरिकहरूको सम्भावित संलग्नताको सुझाव दिएका छन् । *रासस/एएनआई*


**Shikhar Municipality**

**Office of theMunicipal Executive**

**Talkot, Doti**

## Notice of Intention to Award The Contract

**(NoticeNo:11/081/082)**

**Date of publication:2082/01/12**

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice published in Prabhab National Daily (Dated 22/11/2081) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S. N. | Contract No. | Description of Works | Name and Address of The Successful Bidder | Accepted Bid Amount Excluding VAT & PS(NRs.) |
|---|---|---|---|---|
| 1. | 10-081/082/ NCB/SMDOTI | Salmuni Prachin Devsthal Paryatan Parbardhan Tatha Bybasthanpan Karye Shikhar Municipality-02, Doti | New Nabdurga Ganyapdhura Nirman SewaNawadurg Rural Municipality-03, Dadeldhrura | 46,49,808.4 |
| 2. | 11-081/082/ NCB/SMDOTI | Adarbhut Swastya Sewa Kendra Bhaban Nirman Shikhar Municipality-03, Doti | Sushant Construction and Suppliers Shikhar Municipality-01, Doti | 23,70,909.2 |

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९०६०० | प्रति तोला – ० | प्रति तोला – २०१० |

# प्रोजेक्ट बैंकका १० हजारबढी आयोजना कटौती

■ प्रभाव संवाददाता

**काठमाडौं –** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनयोग्य र नतिजामुखी आयोजना तथा कार्यक्रममा मात्रै केन्द्रित गर्ने सरकारको तयारीपछि राष्ट्रिय आयोजना बैंक (प्रोजेक्ट बैंक) मा राखिएका १० हजारभन्दा बढी आयोजना कटौतीमा परेका छन् ।

जथाभावी आयोजना प्रविष्ट (इन्ट्री) गरेर बजेट माग्ने प्रवृत्ति बढेपछि राष्ट्रिय योजना आयोगले पुरानो प्रोजेक्ट बैंकलाई नै निष्क्रिय तुल्याएको छ । आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले बुधबार प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको बैठकमा पुरानो प्रोजेक्ट बैंकलाई पूर्ण रूपमा बन्द गरेर नयाँ प्राजेक्ट बैंक तयार पारिएको बताए । यद्यपि, पुरानो प्रोजेक्ट बैंकलाई 'ब्याकअप' का रूपमा राखेर राम्रा आयोजनालाई नयाँ प्रोजेक्ट बैंकमा सारिएको उनको भनाइ छ ।

'आयोजना बैंक निकै अव्यवस्थित भयो । बैंकमा १८ हजारभन्दा बढी आयोजना राखिएका रहेछन् । गत वर्ष मात्रै अन्तिम समयमा करिब ११ हजार आयोजना प्रविष्ट गराइएको पाइयो', अर्थ समिति बैठकमा डा श्रेष्ठले भने, 'केहीको त नाम मात्रै प्रविष्ट गराइएको रहेछ । आयोजनाबारे अरू कुनै विवरण नै त्यहाँ छैन ।'

पुरानो प्रोजेक्ट बैंकलाई 'ब्याकअप'का रूपमा राखेर हाल नयाँ प्रोजेक्ट बैंक तयार पारी छ हजार २०० भन्दा बढी आयोजना प्रविष्ट गरिसकेको उनले जानकारी दिए । जसमध्ये तीन हजार १८० आयोजना नयाँ छन् । आगामी आर्थिक वर्षको बजेटमा पर्ने आयोजना गत चैत मसान्तभित्रै प्रोजेक्ट बैंकमा प्रविष्ट गरिसक्नुपर्ने गरी आयोग आफैँले मापदण्ड बनाएको भए पनि अझै आयोजना प्रविष्ट गर्ने क्रम रोकिएको छैन ।

नयाँ प्रोजेक्ट बैंकमा राखिएका आयोजनाहरू धेरैजसो पूर्वाधार क्षेत्रसँग सम्बन्धित रहेको डा श्रेष्ठले बताए । सबैभन्दा धेरै सहरी विकास मन्त्रालयका मात्र दुई हजार ४२५ भन्दा बढी आयोजना प्रविष्ट भइसकेका छन् । यस्तै, खानेपानी मन्त्रालयका दुई हजार ११८ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक हजार १०० भन्दा बढी आयोजना बैंकमा राखिएका छन् ।

नेपाल सरकारको वार्षिक बजेटमा पर्ने आयोजनालाई अनिवार्य रूपमा प्रोजेक्ट बैंकमा राख्नुपर्ने व्यवस्थासहित आयोगले मापदण्ड तयार पारेको छ । राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार निश्चित उद्देश्य, लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा तथा बजेट लागतसमेत खुलाएर प्रोजेक्ट बैंकमा आयोजना प्रविष्ट गर्नुपर्ने हुन्छ । पूर्वतयारी सम्पन्न भइसकेका, निर्माणसम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रूपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा अन्य विकाससँग सम्बन्धित कार्यलाई आयोजना मानिने र त्यस्ता आयोजना प्रोजेक्ट बैंकमा राखिने मापदण्डमा उल्लेख छ ।

यस्तै, आयोजना निर्माणको स्रोत पनि खुलाउनुपर्ने हुन्छ । नेपाल सरकारको स्रोत, वैदेशिक तथा आन्तरिक ऋण वा अनुदानमा सञ्चालन हुने सबै खालका आयोजनालाई प्रोजेक्ट बैंकमा राख्नुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पनि प्रोजेक्ट बैंकमा राख्नुपर्ने व्यवस्था गरिएको छ । मापदण्डअनुसार रु तीन करोडभन्दा बढी लागत भएका वा विनियोजन भएका आयोजना मात्र यसमा प्रविष्टि गर्नुपर्ने हुन्छ । यस्तै, चालु प्रकृतिका वा सालबसाली रूपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमबाहेकका अन्य आयोजना मात्र राष्ट्रिय आयोजना बैंकमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा प्रोजेक्ट बैंकमा चालु आर्थिक वर्षको फागुन मसान्तभित्र प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था मापदण्डमा राखिएको छ तर आगामी आर्व २०८२/८३ का लागि भने चैत मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था मापदण्डमा राखिएको थियो । यद्यपि, विभिन्न मन्त्रालय तथा निकायहरूबाट आयोजना प्रवृष्टि हुनेक्रम जारी रहेको आयोगका सदस्य श्रेष्ठले समितिमा स्वीकारे । जुन विद्यमान प्रोजेक्ट बैंकसम्बन्धी मापदण्डको व्यवस्थाविपरीत हुनजान्छ ।

बजेटमा जथाभावी आयोजना हाल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोजेक्ट बैंकको अवधारणा ल्याइएको हो । पूर्वतयारी नै नसकिएका, स्रोत सुनिश्चितता नभएका, लागतका आधारमा निकै कम प्रतिफल दिने आयोजना बजेटमा पर्न थालेपछि त्यसलाई नियन्त्रण गर्न यो ल्याइएको हो । यसलाई सरकारका अन्य विभिन्न सूचना प्रणालीसँग आबद्ध गर्नुपर्ने व्यवस्था मापदण्डमा राखिएको छ । आयोजना बैंकलाई मध्यमकालीन खर्च संरचना, समपूरक र विशेष अनुदान प्रणालीबीच आवश्यक सूचना आदानप्रदान हुनेगरी अन्तरआबद्धता कायम गर्नुपर्ने हुन्छ । यस्तै, अर्थ मन्त्रालयसँगको समन्वयमा बजेट व्यवस्थापन सूचना प्रणाली, सार्वजनिक खरिद अनुगमन कार्यालयसँगको समन्वयमा विद्युतीय खरिद प्रणाली तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा एकीकृत 'अनलाइन' अनुगमन प्रणालीसँग आयोजना व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआबद्धता कायम गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्राजेक्ट बैंकमा कुनै योजना तथा कार्यक्रम प्रविष्टि गर्दा विभिन्न कागजात पनि अनिवार्य रूपमा पेस गर्नुपर्ने हुन्छ । जसअन्तर्गत आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन वा विस्तृत आयोजना प्रतिवेदन, आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ । यस्तै, आयोजनाका लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना, खरिद योजना, कार्यान्वयन कार्ययोजना, नतिजा खाकालगायत विषयहरू उल्लेख गर्नुपर्ने हुन्छ । पुरानो प्रोजेक्ट बैंकमा यी कागजात नै उपलब्ध नरहेका आयोजना धेरै सफ्यामा थिए । जसकारण त्यसलाई काँटछाँट गर्नु परेको आयोगको दाबी छ । यद्यपि, नयाँ प्रोजेक्ट बैंकमा समावेश हुने परियोजनाको गुणवेत्ता कस्तो हुने भन्नेमा पनि प्रश्न गर्ने पर्याप्त ठाउँ देखिन्छन् ।



**सुपारी खेती** | माई नगरपालिका-१० गधेनी भन्ज्याङका किसान रूखबाट सुपारी टिपेर छोडाउन व्यस्त । यहाँका प्रायजसो किसानले व्यावसायिक रूपमा सुपारी खेती गर्दै आएका छन् । *तस्बिरः मनोज अधिकारी/रासस*

# गण्डक जलविद्युत् आयोजनाको नहर मर्मत गर्न विद्युत् उत्पादन बन्द

■ प्रभाव संवाददाता

**नवलपरासी–** पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका-७ गुठ्ठी सूर्यपुरास्थित गण्डक जलविद्युत् केन्द्ररको विद्युत् उत्पादन पूर्णरूपमा बन्द भएको छ ।

जलविद्युत् केन्द्रका प्रमुख पिताम्बर भुषालले जलविद्युत् केन्द्रको विद्युत् उत्पादन डेढ महिनादेखि बन्द रहेको बताएका छन् । पूर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिकाको त्रिवेणीस्थित गण्डक व्यारेजबाटै नहरको पानी बन्द भएपछि विद्युत् उत्पादन बन्द भएको छ । भारतले जलविद्युत् केन्द्रको नहर बन्द (क्यानल सटडाउन) गरेपछि विद्युत् उत्पादन रोकिएको उनले बताएका छन् । गत फागुन २६ गतेदेखि नहरमा पानी आउन बन्द भएपछि उत्पादन बन्द गरिएको उनले बताएका छन् ।

लामो समयदेखि प्रत्येक वर्ष नहरमा पानी बन्द गर्ने चलन रहेको छ । नेपाल-भारत गण्डक सम्झौताअनुसार भारतले सन् १९७९ मा निर्माण गरेको केन्द्र ३१ अगस्ट १९८१ मा नेपाललाई हस्तान्तरण गरेको थियो । करिब ४४ वर्ष पुरानो गण्डक जलविद्युत्मा नहरमा पानी छोड्ने र बन्द गर्ने भारतीय पक्षको हातमा हुन्छ । यसअनुसार भारतको उतर प्रदेश गोरखपुरस्थित गोरखपुर सिँचाइ विभागले उक्त विद्युत् केन्द्रको नहरमा सरसफाई तथा मर्मत भइरहेको जनाउँदै नहरमा पानी बन्द गरेपछि विद्युत् उत्पादन बन्द रहेको प्रमुख भुषालले बताएका छन् । भारतीय पक्षले हरेक वर्ष कार्तिक-मङ्सिर र चैत-वैशाख गरी दुई पटक नहरको पानी बन्द गर्ने गरेको छ । यसले गर्दा हाम्रो घाटा हुनेगरेको उनले बताएका छन् ।

नहरमा पानी बन्द भएपछि विद्युत् ठप्प भएपछि दिनहुँ सातदेखि आठ लाखसम्म घाटा हुने गरेको प्रमुख भुषालले जानकारी दिए । १५ मेगावाट विद्युत् उत्पदान क्षमता भएको उक्त जलविद्युत् केन्द्र अहिले चारदेखि साढे चार मेगावाटसम्म विद्युत् उत्पादन गरिरहेको छ । तीन वटा टर्वाइन भएको जलविद्युत् केन्द्रेमा दुई टर्वाइनले मात्र विद्युत् उत्पादन गरिरहेको छ । भने एउटा टर्वाइन विग्रेर थन्केको छ । गण्डक जलविद्युत् केन्द्रमा रहेको विद्युतिय उपकरण पुरानो प्रविधिअनुसार रहेको हुनाले परिर्वतन गरी सुधार गर्नुपर्ने देखिएको उनले भनेका छन् ।

# नेप्से परिसूचक दुई अंकले बढ्यो




**काठमाडौं (प्रस)–** अघिल्ला चार कारोबार दिन लगातार घटेको शेयर बजार साताको अन्तिम दिन बिहीबार दुई दशमलव शून्य आठ अंक बढेको छ । बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई दशमलव शून्य आठ अंकले बढेर दुई हजार ६५८ दशमलव शून्य दुईको विन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको एक करोड ९७ लाख ५४ हजार २४५ कित्ता शेयर ७० हजार ७०३ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ८७ करोड ९३ लाख ८१ हजार २६८ दशमलव २८ को कारोबार भएको छ । कूल ८३ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ६१ को घटेको छ भने एउटाको स्थिर रहेको नेप्सेले जनाएको छ ।

लगानी समूह सबैभन्दा बढी दुई दशमलव चार प्रतिशतले बढ्दा हाइड्रोपावर शून्य दशमलव २२, व्यापार शून्य दशमलव ३९ र बैंकिङ शून्य दशमलव शून्य तीन प्रतिशतले बढेका छन् ।

विकास बैंक शून्य दशमलव ७६, फाइनान्स शून्य दशमलव ८३, होटल तथा पर्यटन एक दशमलव १६, जीवन बिमा शून्य दशमलव ३२, उत्पादन शून्य दशमलव १७, माइक्रोफाइनान्स शून्य दशमलव ४६, निर्जीवन बिमा शून्य दशमलव २८ र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेका नेप्सेले जनाएको छ ।

# रेलेखोला जलविद्युत आयोजना निर्माण सम्पन्न

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत आयोजना निर्माण भएको छ । आयोजनाको भौतिक संरचना निर्माण सकेर परीक्षण थालिएको हो । आयोजनाका जनसम्पर्क अधिकृत होमनाथ पाण्डेले निर्माण भएका भौतिक संरचनाको परीक्षण थालिएको र यही महिनाभित्र विद्युत उत्पादन शुरु गर्ने तयारी गरेको जानकारी दिए ।

'बाँध देखि विद्युतगृहसम्म पानी ल्याउन जडान भएको पाइपलाइनमा पानी भरेर प्राविधिक टोलीबाट परिक्षण थालिएको छ,' उनले भने, 'भौतिक संरचना निर्माण र उपकरण जडानको काम सकेर परिक्षणको काम अन्तिम चरणमा पुगेको छ ।'

निर्माण कम्पनीले खोपारा लेकको फेदी कालोखोलामा बाँध, ५०/५० मिटर लामा दुईवटा पानी थिग्राउने पोखरी (डसेण्डर), रेलेखर्कमा विद्युतगृह निर्माण र बाँध देखि विद्युतगृह सम्म तीन हजार छ सय मिटर लामो पाइपलाइन जडान गरेको छ ।

रेलेखर्कको विद्युतगृह, स्विचयार्ड र दाना सवस्टेशन जोड्ने ३३ केभी क्षमताका पाँच किलोमिटर प्रशारण लाइन निर्माण भएको छ । सुरुङ र नहरको विकल्पमा पाइपलाइन जडान गरिएको हो । पाँच सय पाँच मिटर माथिबाट विद्युतगृहमा पानी खसालेर विद्युत उत्पादन गर्ने संरचना निर्माण र उपकरण जडान भएको छ ।

दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य सहित वि.स. २०७९ मा निर्माण शुरु भएको आयोजनाको कालोखोलामा निर्माण भएको बाँध र इन्टेकमा २०८१ जेठ १५ गते आएको बाढीले क्षति पुऱ्याउँदा कार्यतालिका प्रभावित बनेका हो । अस्थायी बाँध बनाएर डिसेण्डरमा पानी खसालेर आयोजना सञ्चालन गर्न लागिएको जनसम्पर्क अधिकृत पाण्डेले बताए ।

रु. एक अर्ब २० करोड लागत अनुमान गरिएको आयोजनामा हिमालयन र राष्ट्रिय वाणिज्य बैंकले ऋण लगानी गरेका छन् । यस आयोजनाले नारच्याङको बेशीगाउँ देखि लेकगाउँहुँदै बाँध र विद्युतगृह निर्माण स्थलसम्म १७ किलोमिटर पहुँचमार्ग बनाएको छ । आयोजनाको पहुँचमार्गबाट लेकगाउँका बासिन्दालाई पनि सुविधा पुगेको वडा सदस्य श्याम पुर्जाले बताए ।

**डढेलोबाट वनजंगल बचाऔं, पर्यावरण जोगाऔंः**

- घाँस दाउरा गर्न वनजंगलमा जाँदा चुरोट, बिंडी नखाऔं,
- वनभोजपति चुल्होको आगो राम्ररी निभाऔं,
- खेतबारी, खरबारी र खर्कमा आगो नलगाऔं,
- मानव वस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं,
- स्थानीय प्रशासन, वन, स्थानी तह, प्रहरी कार्यालय, रेडक्रसलगायत अन्य संघ संस्थाको सम्पर्क नम्बर सुरक्षित राखौं,
- वनमा डढेलो लागेको देख्ने बित्तिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय प्रशासन र स्थानीय तहलाई खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ